बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास,महोत्तरी
मधेश प्रदेश,नेपाल
स्थापना २०७३

<u>शुभकामना</u>

बर्दिवास नगरपालिका सहकारी शाखाले सहकारी पुस्तिका प्रकाशन गर्न लागेकोमा सहकारी शाखालाई धन्यवाद तथा शुभकामना।सहकारी अभियानलाई सबल बनाउँदै समावेशी आर्थिक विकासको लक्ष्य हासिल गर्न नगरपालिकाले समायानुकूल गतिविधिहरु अघि बढाउँदै आएको छ ।सहकारी आर्थिक सबलीकरणको माध्यम मात्र नभई सामाजिक ऐक्यबद्धता, आपसी सहयोग र सामूहिक प्रगतिमा टेवा पुर्याउने महत्वपूर्ण आधार पनि हो।नगरपालिकाले स्थानीय स्तरमा सहकारीलाई सुदृढ गर्दै समुदायलाई आत्मनिर्भर र समृद्ध बनाउन निरन्तर कार्यक्रमहरु अघि बढाउँदै आएको छ ।

यसै सन्दर्भमा प्रकाशन हुन लागेको "सहकारी गतिविधि पुस्तिका" नगरक्षेत्रका सहकारी संस्था, तिनका सदस्य, सरोकारवाला तथा अध्ययन गर्ने सबैका लागि मार्गदर्शक र जानकारीमूलक स्रोत बन्ने विश्वास लिएको छु।यस पुस्तिकाले सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन थप सहयोग पुग्ने आशा गर्दछु ।

यस क्षेत्रमा सहकारी संस्थाहरु संख्यात्मक रुपमा धेरै रहेको अभिलेख छ तर अधिक सहकारी संस्थाहरु निस्कृय रहेको देखिन्छ।अधिकांश सहकारी संस्थाहरुले उद्देश्य अनुरुपका कार्य गरेका छैनन्।उत्पादनमूलक कार्य भन्दा बचत ऋणको कारोवार गर्ने होडवाजी रहेको छ।सहकारी संस्थाको क्षमता अभिवृद्धि र संस्थागत विकासका लागि नगरपालिकाले आवश्यक पहल गरिनै रहने छ।सहकारी क्षेत्रको संख्यात्मक वृद्धि सँगै सहकारीले प्रदान गर्ने सेवामा गुणस्तर कायम गर्न र व्यवस्थापनलाई समयसापेक्ष र पारदर्शी बनाउनु आजको आवश्यकता हो।सहकारी अभियानलाई अझ सशक्त बनाउन सम्पूर्ण नगरबासीको सक्रिय सहभागिता रहिरहोस् भन्ने अपेक्षा राख्दै सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु।धन्यवाद!!

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास,महोत्तरी
मधेश प्रदेश,नेपाल
स्थापना २०७३

<u>शुभकामना</u>

बर्दिवास नगरपालिका सहकारी शाखाले सहकारी गतिविधि पुस्तक प्रकाशन गर्न लागेकोमा अत्यन्त हर्ष लागेको छ।देशको आर्थिक,समाजिक तथा सास्कृतिक विकासमा सहकारी क्षेत्रको उल्लेखनीय भूमिका रहेकाले सहकारी क्षेत्रलाई अझ बढी गतिशिल बनाउनु आजको आवश्यकता पनि हो।यस प्रकाशनले बर्दिवास भित्रका सहकारी अभियानलाई अझ बढी सक्रिय बनाई अनुभव र ज्ञानको आधारमा सहकारी बिषयमा कलम चलाउने बानीको विकास गर्दै लैजाने अपेक्षा गरेको छु।साथै सहकारी संस्थाहरु बिचको असल अभ्यास आदान-प्रदानमा पनि यसले महत्वपुर्ण भूमिका खेल्ने बिश्वास लिएको छु।अत: सहकारी सिद्धान्त अनुसार "सबैका लागि एक र एकका लागि सबै" भन्ने भावनाले सहकारीकर्मी सबैलाई सशक्त बनाओस भन्ने शुभमकामना व्यक्त गर्दछु।धन्यवाद!!

तारा देवी
उप प्रमुख

बिषय सूची

१.१ पृष्ठभुमीः 1

१.२ इतिहासः 1

१.३ कानुनी व्यवस्थाः 1

१.४ नियमन क्षेत्राधिकारः 2

१.५ बर्दिवास नगरपालिकाको नियमन क्षेत्राधिकारः 2

१.६ स्थानीय सरकारको भूमिकाः 3

अध्याय दुईः तथ्याङ्कगत विवरण 5

२.१ अभिलेखगत विवरणः 5

२.२ कोपोमिसमा दर्ता रहेका संस्थाहरु 10

२.३ सक्रिय सहकारी संस्थाहरुः 11

२.४ एकीकरण भएका सहकारी संस्थाहरुः 15

अध्याय तीनः सहकारी शाखाबाट सम्पादित कार्यहरु 16

३.१ अनुगमनः 16

३.२ दर्ताः 18

१) ३.३ पुर्नरलिखित विनियम संशोधन स्वीकृतिः १) बर्दिवास बचत तथा ऋण सहकारी संस्था लि. को संसोधन सहित पुर्नरलिखित विनियम स्वीकृत गरिएको:- २०८१/०३/११ 18

३.४ प्रवर्द्धनः 18

३.५ तथ्याङ्क तथा अभिलेख व्यवस्थापनः 18

अध्याय चारः कृषि सहकारी संस्थाले के गर्ने ? 20

अध्याय पाँचः बचत तथा ऋण सहकारी र सदस्यको भुमिका 27

अध्याय छ : नेपालको वर्तमान समयमा सहकारी संस्थाको महत्व, चुनौती, अवसर र सबै सरोकारवालाको सकारात्मक योगदानको आवश्यकता 33

अध्याय सात : सहकारी संस्था एकीकरणका चुनौती र अवसरहरू 39

अध्याय एकः परिचय र भुमिका

१.१ पृष्ठभुमीः

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने उद्देश्य लिएको छ। सहकारी मार्फत आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नुका साथै सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवाद उन्मूख अर्थतन्त्रको विकास गर्ने परिकल्पना संघ र प्रदेश सहकारी कानूनले गरेको छ। साथै बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५ ले पनि सहकारी मार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउने परिकल्पना गरेको छ।

१.२ इतिहासः

नेपालमा परापूर्वकाल देखी चलि आएको चलन पर्मपात, ढिकुटी, गुठी, धर्मभकारी सहकारी चिन्तनकै उपज हो । आधुनिक सहकारी आन्दोलनको इतिहास भने वि.स. २०१० साल देखी शुरु भएको देखिन्छ । वि.स.२०१० सालमा सहकारी कार्य थाल्न योजना, विकास तथा कृषि मन्त्रालय मातहत विभागको स्थापना भयो । प्रथम राष्ट्रिय योजना (२०१३/१४-२०१७/१८) मा सहकारी आन्दोलनको विकास गर्न प्रष्ट उद्देश्य र नीतिहरु निर्धारण गरिए ।

नेपाल सरकारबाट २०१३ सालमा कार्यकारी आदेश (Excuitive order) जारी गरेर सहकारी संस्थाहरु विधिवत दर्ता गर्ने व्यवस्था प्रारम्भ भयो। सोही अनुसार वि.स.२०१३ साल चैत २० गते पहिलो सहकारी संस्था दर्ता भयो । बर्दिवास क्षेत्रमा पनि वि.स.२०४०/२०५० तिर सहकारी अभियानको औपचारिक सुरुवात भएको पाइन्छ ।

१.३ कानुनी व्यवस्थाः

संघीय सहकारी ऐन, २०७४ तथा नियमावली,२०७५ एवम् मधेश प्रदेश सहकारी ऐन,२०७९ तथा नियमावली,२०८० रहेको पृष्ठभुमिमा बर्दिवास नगरपालिकाको सहकारी सम्बन्धी कानुनी व्यवस्था निम्न अनुसार रहेको छः

(१) सहकारी ऐन,२०७५

(२) सहकारी नियमावली,२०७५ खारेज गरी नियमावली,२०८२

(३) सहकारी संस्था निरीक्षण तथा अनुगमन कार्यविधि, २०८२

(४) सहकारी सञ्जाल गठन तथा परिचालन कार्यविधि,२०८२

१.४ नियमन क्षेत्राधिकारः

नेपालको संविधानले सहकारी क्षेत्रलाई स्थानीय तहको एकल अधिकार सुचिमा राख्नुको साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा समेत राखेको छ। संघीय सहकारी ऐन, २०७४ र नियमावली,२०७५ जारी भए सँगै संघीय संरचना अनुसार तीनै तहमा सहकारी संस्थाहरु हस्तान्तरण गरियो ।

हस्तान्तरणको एकमात्र आधार थियो संस्थाको कार्यक्षेत्र ।अर्थात, एउटा पालिका भित्र कार्यक्षेत्र सीमित भएको संस्थाहरुको उक्त पालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने, एक पालिका भन्दा बढी तर एक प्रदेश भित्र कार्यक्षेत्र सीमित भएको संस्थाहरु प्रदेशको नियमन क्षेत्राधिकार भित्र पर्ने र एक प्रदेश भन्दा बढी कार्यक्षेत्र भए संस्थाहरु संघको नियमन क्षेत्राधिकार भित्र पर्ने ।यही आधारमा विगतमा सहकारी संस्थाहरु हस्तान्तरण भए जस अनुसार बर्दिवास नगरपालिकामा पनि ८९ वटा सहकारी संस्थाहरु डिभिजन सहकारी कार्यालय धनुषाबाट हस्तान्तरण भएको देखिन्छ।

१.५ बर्दिवास नगरपालिकाको नियमन क्षेत्राधिकारः

बर्दिवास नगरपालिकाको १४ वटा वडा भित्र कार्यक्षेत्र सिमित भएका सहकारी संस्थाहरु मात्र बर्दिवास नगरपालिकाको नियमन क्षेत्रभित्र पर्दछन्। बर्दिवासमा कार्यालय भए पनि कुनै सहकारी संस्थाको कार्यक्षेत्र बर्दिवास नगरपालिका बाहिर छ भने त्यस्तो सहकारी संस्था प्रदेश वा संघको नियमन क्षेत्रमा पर्दछ। जस्तैः सहकारी संस्थाको कार्यक्षेत्र बर्दिवास नगरपालिकाको वडा १ भरी वा १ देखि १४ सम्मै छ भने त्यो नगरपालिकाको नियमनमा पर्दछ। सहकारी संस्थाको कार्यक्षेत्र बर्दिवास न.पा.को वड ७, वडा ९ र भंगाहा न.पा.को वडा ४ छ भने त्यो प्रदेश सरकारको नियमनमा पर्दछ। हालै गठन भएको राष्ट्रिय सहकारी प्राधिकरणले बचत तथा ऋणको कारोवार गर्ने सबै सहकारी संस्थालाई नियमन गर्दछ। यद्यपि तीनै तहको सहकारी कानूनले सहकारी संस्थाहरुको नियमन र प्रवर्द्धनमा समन्वय र सहकार्यको पर्याप्त व्यवस्था गरेको छ।

१.६ स्थानीय सरकारको भूमिकाः

सहकारी क्षेत्रको नियमन र प्रवर्द्धन लगायतको विषयमा स्थानीय सरकारको भूमिका देहाय बमोजिमको हुनुपर्दछः

क) अनुगमनः

- नगरपालिकाले आफ्नो नियमन क्षेत्र भित्र पर्ने सबै सहकारी संस्थाहरुको नियमित अनुगमन गर्नुपर्दछ,
- अनुगमनको स्पष्ट कार्यविधि तर्जुमा गरेको हुनुपर्दछ,
- अनुगमनको आधारमा संस्थालाई वर्गीकरण गर्नुपर्दछ,
- अनुगमन गरी संस्थालाई लिखित सुझाव दिनुपर्दछ,
- सुझाव कार्यान्वयन भए नभएको नियमित follow up गर्नुपर्दछ,
- अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ,
- संघ र प्रदेश सरकारसँग समन्वय गरी अनुगमन गर्नुपर्दछ ।

ख) क्षमता विकासः

- सहकारी शाखा हेर्ने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सहकारी शिक्षा दिने,
- सहकारी संस्थाहरुमा सुशासन कायम राख्न सञ्चालक,कर्मचारी हुँदै सदस्यको तहसम्म सहकारी शिक्षा विस्तार गर्ने,
- प्रशिक्षणको लागि संघीय सहकारी विभाग, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र वा प्रदेश सहकारी रजिष्ट्रार कार्यालयसँग समन्वय गर्ने ।

नोटः सहकारीमा आवद्ध सम्पूर्ण सदस्यहरुलाई सहकारी शिक्षा बिस्तार गर्न सकेमा संस्थामा आफै सुशासन कायम हुन्छ ।

ग) नीति, कानून र कार्यविधिः

- स्थानीय सहकारी ऐन तथा नियमावली जारी गर्ने,
- सहकारी सम्बन्धी कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने
- सहकारी संस्थाहरुको लागि आवश्यक नमूना विनियम तथा आन्तरिक कार्यविधिहरु तयार गरी वेबसाइटमा राख्ने।

घ) संस्थागत क्षमता विकासः

- सहकारी हेर्ने छुट्टै शाखा खोल्ने,
- सहकारी हेर्ने कर्मचारी तोकी कर्मचारीलाई तालिमको व्यवस्था गर्ने।

ङ) वार्षिक कार्यक्रमः

- सहकारी क्षेत्रमा नियमित बजेट विनियोजन गर्ने,
- वार्षिक कार्यक्रम संघ र प्रदेश सरकारको कार्यक्रमसँग तादम्यता मिल्ने गरी तर्जुमा गर्ने।

च) नियमन तथा सञ्चालनः

- सहकारी संस्था दर्ता गर्ने,
- विनियम संशोधन, पुर्नलेखन तथा स्वीकृत गर्ने,
- गुनासो सुनवाई तथा समाधान गर्ने,
- एकीकरण, विभाजन तथा पुनर्गठन गर्ने,
- समस्याग्रस्त सहकारी घोषणा गर्ने,
- सहकारी संस्था विघटन गर्ने आदि।

छ) तथ्याङ्क व्यवस्थापनः

- तथ्याङ्क व्यवस्थापनको लागि COPOMIS लाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने गराउने,
- सहकारी संस्थाहरुको संख्या, नाम, सदस्य संख्या, शेयर पुँजी, जगेडा कोष, बचत ऋण लगायत तोकिएका अन्य विवरण सहितको विस्तृत तथ्याङ्क वार्षिक रुपमा प्रकाशन गर्ने,
- तथ्याङ्कलाई प्रत्येक वर्ष अध्यावधिक गर्दै जाने।

ज) प्रवर्द्धनः

- सहकारी संस्थाहरुलाई उत्पादनमुखी बनाउने,
- कृषि लगायत उत्पादन सहकारी संस्थाहरुलाई प्राविधिक सहयोग गर्ने,
- Value add का लागि पुँजी र प्रविधि सहयोग गर्ने,
- उत्पादन बढाउन उत्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने,
- सम्मान तथा पुरस्कार आदि।

झ) निर्देशन तथा अन्यः

- सहकारी संस्थाको लागि संघ र प्रदेश सरकारबाट जारी भएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,
- सहकारी संस्थामा सुशासन कायम गर्न निर्देशनहरु जारी गर्ने,
- संघ र प्रदेश सरकार तथा सहकारी अभियानसँग समन्वय र सहकार्य गर्ने,

➢ आफ्नो नियमन क्षेत्र भित्रका सबै सहकारीहरुबीच समन्वय सहकार्य गर्ने, सूचना आदान प्रदान गर्ने तथा अनुभव साटासाट गर्ने लगायतका कार्यको लागि Whats app, Viber group जस्ता अनौपचारिक संयन्त्रहरुको विकास गर्ने ।

अतः बर्दिवास नगरपालिकाले पनि यिनै कार्यहरुलाई आत्मसाथ गरी सहकारी क्षेत्रको विकासको लागि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ।

अध्याय दुईः तथ्याङ्कगत विवरण

२.१ अभिलेखगत विवरणः

तल तालिका नम्बर एक अनुसार बर्दिवास नगरपालिकाको नियमन क्षेत्र भित्र ९८ वटा सहकारी संस्थाहरु रहेका छन्। ९८ वटा सहकारी संस्थाहरुमा लगभग ८९ वटा सहकारी संस्थाहरु डिभिजन सहकारी कार्यालय, धनुषामा दर्ता भई संघीय संरचना अनुसार यस नगरपालिकालाई हस्तान्तरण भएको देखिन्छ भने बाँकी ९ वटा सहकारी संस्थाहरु नगरपालिका आफैले दर्ता गरेको हो।

अभिलेखमा देखिएका केही सहकारी संस्थाहरु हालसम्म संचालनमा छन् भने केही निष्कृय रहेका छन्। कतिपय सहकारी संस्थाहरु हस्तान्तरण हुँदा नै निष्कृय अवस्थामा रहेका थिए।

तालिका नम्बर-१

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	दर्ता नम्बर	सम्पर्क नम्बर
१	श्री जनहित उपभोक्ता सहकारी सं.लि.	साविक हाथिलेट गा.वि.स. ८	२५१,२०६६/०८/०१	
२	श्री जनसरोकार उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक माइस्थान ४	१७७,२०६६/०८/०१	
३	श्री टुटेश्वर उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक खयरमारा ७ हाल ब.न.पा.१०	९३३,२०६८/१०/०९	९८४४२५०००० ९८०७८२७३०९
४	श्री सचेत सामुदायिक उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक खयरमारा ५	१३९,२०६६/०५/२०	
५	श्री अन्नपूर्णा उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.८ हाल ब.न.पा.१४	१६,२०६१/०५/०८	
६	श्री सहयोगात्मक घरेलु सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.१	२८४-१९, २०६१/०६/१५	९८४९५४४२८३
७	श्री सयपत्री कृषक सहकारी संस्था लिमिटेड	साविक माइस्थान ५	३२५-६०, २०६१/१०/२९	९८१०३३३१५२
८	श्री जन उपभोक्ता सहकारी संस्था	साविक गौरीबास २	८९, २०६५/०८/२७	

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	दर्ता नम्बर	सम्पर्क नम्बर
	लिमिटेड			
९	श्री पशुपति जन उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक पशुपतिनगर ७	८१०,२०६८/०७/२७	९८०७६११९९८
१०	श्री ज्योती सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड	साविक खयरमारा ५	७०९,२०६८/०४/३०	९८१७८५७४०३
११	श्री ओम शान्ति डेरी उद्योग सहकारी संस्था लिमिटेड	साविक गौरीबास २	७७०,२०६८/०७/०६	९८०१६००८०२
१२	श्री हाम्रो माइस्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक माइस्थान १	१४६१,२०७०/०९/०८	९८०७६४७७७२
१३	श्री चेरु जनकल्याण सामुदायिक कृषि सहकारी संस्था लिमिटेड	साविक माइस्थान १	१०५८२०६९/०५/०६	९८१८४२५२४० ९८०७६४७७२
१४	श्री मनकामना कृषि सहकारी संस्था लिमिटेड	साविक हाथिलेट गा.वि.स. ८ हाल ब.न.पा. ८	१०४८,२०६९/०४/२६	९८०१६०८७८० ९८०४८५५०५६
१५	श्री कुरिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक गौरीबास २	१२०९,२०६९/१०/२४	
१६	श्री युवा जागरण कृषि सहकारी संस्था लिमिटेड	साविक माइस्थान ५	२९,२०६८/४/२३	९८०४८५१८००
१७	श्री सिद्धनाथ कृषि सहकारी संस्था लिमिटेड	साविक बिजलपुरा १३	११४२,२०६९/०८/१७	९८४४०२८९०२ ९८१५८४४५४०
१८	श्री सीताराम कृषि सहकारी संस्था लिमिटेड	साविक हाथिलेट गा.वि.स.२	१०६८,२०६९/०५/०८	९८४४२२१३०४
१९	श्री बिजलपुरा बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बिजलपुरा ९ हाल ब.न.पा.१३	१२०,२०६६/०५/२०	९८०७८११९५७ ९८०४८२९४३३
२०	श्री जन एकता कृषि सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.८ हाल ब.न.पा.१४	११२१,२०६९/०७/०२	९८१२०९७०४५ ९८०४८४१५७५
२१	श्री प्रगतिशिल महिला कृषि सहकारी संस्था लिमिटेड	साविक गौरीबास १	३१७-५२,२०६१/१०/१७	९८४४१३३२३८
२२	श्री राधा कृष्ण बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक खयरमारा ८	७३७,२०६८/०५/२७	९८१७६४८६४४
२३	श्री सम्झौता बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.९	२४०,२०६६/०८/०५	९८०४८३७५४०
२४	श्री सिर्जनशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक किसाननगर १	२४७,२०६६/०८/०५	९८६१५४७८१०
२५	श्री प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक खयरमारा ५ हाल ब.न.पा.१०	४१३,२०६७/०२/२८	९८१७८८५२३७
२६	श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.१	३७८,२०६७/०१/१७	९८४४२७७४४
२७	श्री सुर्योदय बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक गौरीबास २	६०९,०६७/१२/२१	९८१२०९०४२२
२८	श्री चेरु जन उत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक माइस्थान ५	१४२,२०६६/०५/२०	९८१९८८२७२५
२९	श्री आफ्नै बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.१	९८७,२०६९/०१/१८	९८१४८६०९०४
३०	श्री साना किसान कृषि सहकारी संस्था	साविक किसाननगर	८९३,२०६८/०९/१४	९८०७७२३०१९

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	दर्ता नम्बर	सम्पर्क नम्बर
	लिमिटेड	८		
३१	श्री नौलो कृषि सहकारी संस्था लिमिटेड	साविक किसाननगर ८	१४०४,२०७०/०५/०४	९८४४२१८३०० ९८०१६७३१५४
३२	श्री गौरीबास बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक गौरीबास १	४००,२०६७/०१/३०	
३३	श्री कुसुम कृषि सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.३	१५५३,२०७१/०२/०५	९८०७६८६१९६
३४	श्री लक्ष्मी महिला कृषि सहकारी संस्था लिमिटेड	साविक माइस्थान ४	३०६-४१, २०६१/१०/१७	९८२३३४४८०८
३५	श्री पञ्चशिल कृषि सहकारी संस्था लिमिटेड	साविक माइस्थान ८	१५५०,२०७१/०२/०५	९८४४०३६६१०
३६	श्री मैत्री कृषि सहकारी संस्था लिमिटेड	साविक माइस्थान १	१५४६,२०७१/०२/०४	९८१७८११२०० ९८१८८५२८१२
३७	श्री गणपति कृषि सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.३	१३९०,२०७०/०४/१५	
३८	श्री लालीगुराँस महिला कृषि सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.९	१४३१,२०७०/०६/१३	९८०७८०१५०५
३९	श्री शुभकामना कृषि सहकारी संस्था लिमिटेड	साविक पशुपतिनगर २	१५४८,२०७१/०२/०४	९८४४२४१९१९
४०	श्री किसाननगर कृषि सहकारी संस्था लिमिटेड	साविक किसाननगर ६	१४७१,२०७०/०९/२३	९८०१६००३०३
४१	श्री जनमुखी साना किसान कृषि सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.७	१५२१,२०७०/१२/१०	९८०३०६२९०२
४२	श्री सहकर्मी कृषि सहकारी संस्था लिमिटेड	साविक गौरीबास १	१३२७,२०७०/०३/०५	९८४४२२२३९० ९८५११८७४६६
४३	श्री प्रगति कृषि सहकारी संस्था लिमिटेड	साविक गौरीबास ५	६०७,२०६३/०४/०३	९८००८४८०१३
४४	श्री गौरी ताजा तरकारी उत्पादन कृषि सहकारी संस्था लिमिटेड	साविक गौरीबास ३	१४७३,२०७०/०९/२८	
४५	श्री गौरीबास कृषि सहकारी संस्था लिमिटेड	साविक गौरीबास ४	९९३,२०६९/०१/३०	
४६	श्री तरकारी तथा फलफूल उत्पादन सहकारी संस्था लिमिटेड	साविक गौरीबास ४	४२,२०६५/०६/१९	
४७	श्री साइनो बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक पशुपतिनगर २	८०५,२०६५/०३/१७	९८०१२४४५००
४८	श्री सगरमाथा द हाइट बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.७	२१३।१८,२०५८/०२/०७	
४९	श्री खयरमारा बहुउद्देश्य सहकारी संस्था लिमिटेड	साविक खयरमारा ४	२,२०५७/०५/१५	९८१२०४६१५०
५०	श्री लालिगुराँस जनउपभोक्ता सहकारी संस्था लिमिटेड	साविक किसाननगर ५	१७४,२०६६/०८/०१	९८४४०१६९८५
५१	श्री हातेमालो कृषि सहकारी संस्था लिमिटेड	साविक किसाननगर ९	१३४३,२०७०/०३/१९	९८०९६३०५३६
५२	श्री अन्नपूर्ण कृषि सहकारी संस्था लिमिटेड	साविक हाथिलेट गा.वि.स.४	२१,२०६८/०२/०५	
५३	श्री दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड	साविक बिजलपुरा गा.वि.स.९ हाल १३	२०५०/०४/०९	

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	दर्ता नम्बर	सम्पर्क नम्बर
५४	श्री कल्पेश्वर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड	साविक गौरीबास ३	३१,२०६५/०६/१९	
५५	श्री एकल महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक गौरीबास ३	३३२,२०६६/१२/०५	
५६	श्री गरिबी निवारण सृजनशील बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक खयरमारा १	३८३,२०६७/०१/१७	
५७	श्री आशिर्वाद बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.१	७७१,२०६८/०७/०६	
५८	श्री बर्दिबास बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.१	६१३,२०६७/१२/३०	९८५११९६०८१
५९	श्री चुरे बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक खयरमारा ८	१३४४,२०७०/०३/१९	
६०	श्री सहारा महिला उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक खयरमारा ८	२०७०/०१/१७	
६१	श्री लोहो कृषि सहकारी संस्था लिमिटेड	साविक हाथिलेट गा.वि.स.५	३३/२०६८/०६/२३	९८०७८१६०४८
६२	श्री सरस्वती महिला कृषि सहकारी संस्था लिमिटेड	साविक खयरमारा ४	३०८-४३ ।२०६१/१०/१७	९८१३८२९७७४ ९८४४१०३७९२
६३	श्री कारिक देव कृषि सहकारी संस्था लिमिटेड	साविक बिजलपुरा गा.वि.स.९ हाल १३	१६११,२०७१/०९/२८	९८४४०३०२२०
६४	श्री श्रृजनशिल महिला उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक माइस्थान ६	१२,२०६६/१२/२६	९८१९६४५१५६
६५	श्री गौरीबास सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेड	बर्दिबास न.पा.५	१७२१,२०७३/०२/२७	९८१७८११११२
६६	श्री पशुपतिनगर सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड	साविक पशुपतिनगर गा.वि.स.४	१६४७,२०७२/०१/०६	९८१७८०८२२३
६७	श्री पार्वती सामुदायिक महिला कृषि सहकारी संस्था लिमिटेड	बर्दिबास न.पा.९	१७७४,२०७३/०७/११	९८४४१३२१२३,९८२७८७७६१२
६८	श्री पंचदिप बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.१	१४४२,२०७०/०७/१५	
६९	श्री जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेड	साविक हाथिलेट गा.वि.स.८	७७९,२०६४/१०/२४	
७०	श्री पारिजात कृषि तरकारी उत्पादन सहकारी संस्था लिमिटेड	साविक माइस्थान १	३५,२०६५/०६/१९	
७१	श्री जय माँ दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड	साविक गौरीबास ३	७९६,२०६८/०२/२०	
७२	श्री बाबा टुटेश्वरनाथ कृषि सहकारी संस्था लिमिटेड	बर्दिबास न.पा.५	१८४०,२०७४/०३/०१	९८०९६६४६८८
७३	श्री ताजा तरकारी कृषि सहकारी संस्था लिमिटेड	बर्दिबास न.पा.१३	१८४३,२०७४/०३/०१	९८०९६१६६३५
७४	श्री किसान सेवा कृषि सहकारी संस्था लिमिटेड	साविक बर्दिबास गा.वि.स.८	१५८८,२०७१/०७/१४	९८१६००९८८
७५	श्री बिजलपुरा गरिबी निवारण सहकारी संस्था लिमिटेड	साविक बिजलपुरा ८	१७२७,२०७३/०३/२६	९८४४०९७९७४
७६	श्री सत्कर्म कृषि सहकारी संस्था लिमिटेड	बर्दिबास न.पा.१	१८३४,२०७४/०२/०७	९८४४०४५१२४

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	दर्ता नम्बर	सम्पर्क नम्बर
७७	श्री अरुण डाँडा कृषि सहकारी संस्था लिमिटेड	साविक खयरमारा ९	१७४१,२०७३/०३/२६	९८१२०३८०९०
७८	श्री प्रगति कृषि सहकारी संस्था लिमिटेड	साविक हाथिलेट गा.वि.स.८ हाल ब.न.पा. ८	१७७७,२०७३/०८/२६	९८१७६२२३०४
७९	श्री माँ चामुण्डा उपभोक्ता सहकारी संस्था लिमिटेड	साविक बिजलपुरा २	१६१,२०६६/०८/०१	
८०	श्री सचेतना महिला कृषि सहकारी संस्था लिमिटेड	साविक खयरमारा १०,११		
८१	श्री राँतु माँ कृषि सहकारी संस्था लिमिटेड	बर्दिबास ८	१७२३/०७२/०७३ ०७३/०३/१०	९८५४०२९९४६/ ९८२४८०३९१९
८२	श्री कल्पेश्वर बचत तथा ऋण सहकारी संस्था लिमिटेड	ब.न.पा.३	३२/०६५/०६/१९	९८४४१०३७८५
८३	श्री कालिका महिला कृषि सहकारी संस्था लि.	बर्दिबास ४	९५/०६८/१२/३०	९८०४८४५७०१
८४	स्वावलम्बी समाज जागरण बचत तथा ऋण सहकारी संस्था लि.	ब.न.पा.३	४६७/०५६/०३/०३	९८४४४०९२९१
८५	श्री सहयोगात्मक कृषि सहकारी सं.लि.	बर्दिबास १	१७५५/०७२/०७३	९८०४७९८९२०
८६	श्री किसान बहुमुखी सहकारी संस्था लि.	ब.न.पा.१		९८६४८४२६००
८७	श्री एकिकृत बचत तथा ऋण सहकारी संस्था लि.	ब.न.पा.१	०१/०७६/०७७	९८१७६०८७७५
८८	श्री नयाँ कृषि अभियान कृषि सहकारी संस्था लि.	ब.न.पा.१	४१२३/०६९/१०/०५	९८४४१०६७७६
८९	श्री गरिबी निवारण बचत तथा ऋण सहकारी संस्था लि.	ब.न.पा.१	४१(८)३६८/०५५/१२/२२	९८०१६०३५३०
९०	श्री हरियाली वडा स्तरीय कृषि सहकारी संस्था लि.	ब.न.पा.५	०२/०७८/०२/०४	९८१९८६५९१७
९१	श्री खयरमारा कृषि सहकारी सं.लि.	ब.न.पा.१०	०३/०७८/०२/१३	९८६४०९०४८१/ ९८१७८४७५८१
९२	श्री पिपल्स सहयोगी बचत तथा ऋण सहकारी सं.लिं.	ब.न.पा.१		९८१९८५०१५६
९३	श्री किसान कृषि सहकारी सं.लि.	ब.न.पा.७	०४/०७९/०४/०३	९८०३५५४९२२
९४	श्री माँ भगवती कृषि सहकारी सं.लि.	ब.न.पा.६	०५/०७९/०४/१६	९८०३१८३३२२
९५	श्री सबैको साथी कृषि सहकारी सं.लिं.	ब.न.पा.९	०६/ ०७९/०५/१३	९८१९६६३०८३
९६	श्री गणेश कृषि सहकारी संस्था लि.	ब.न.पा.१२	०७/०७९/०५/२९	९८१६८१४५९९
९७	श्री समृद्धि सानाकिसान कृषि सहकारी सं.लि.	ब.न.पा.१	०८/०८०/०१/२५	९८४४०५९२२०
९८	श्री सगुन सामुदायिक विद्युत उपभोक्ता सहकारी संस्था लि.	ब.न.पा.११	०९/०८१/०६/१४	९८१६८७९७९७

संघ वा प्रदेश कार्यक्षेत्र रही बर्दिवास नगरपालिकामा कार्यालय रहेका सहकारी संस्थाहरुको विवरण

क.स.	सहकारी संस्थाको नाम	ठेगाना	दर्ता नम्बर	सम्पर्क नम्बर
१.	श्री जनमुखी स्वास्थ्य र विकास सहकारी संस्था लि.	साविक गौरीवास-२	५६५,६७/०९१४	९८५४०३०२२५
२.	श्री जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.	साविक बर्दिवास गा.वि.स.-९	६४५,२०६८/०३/१०	९८४४१००५६८
३.	श्री जागरण बचत तथा ऋण सहकारी संस्था लि.	साविक हात्तिलेट गा.वि.स.-८	७७९,२०६४/१०/२४	
४.	श्री रेडियो बर्दिवास संचार सहकारी संस्था लि.	साविक बर्दिवास-८	६१५/०६७/०६८	९८४४५५८३१४
५.	श्री समाज बचत तथा ऋण सहकारी संस्था लि.	बर्दिवास-१		९८६४१९९५३७२
६.	श्री सुभश्री बचत तथा ऋण सहकारी संस्था लि.	बर्दिवास-१	२९१/०६६/०६७	९८०७८४८६९०
७	श्री महिला केन्द्र बहुउदेश्य सहकारी संस्था लि.	बर्दिवास-१	२४८/१०	९८५४०२०१९४
८	श्री बर्दिवास संचार सहकारी संस्था लि.	साविक बर्दिवास-७	७४०/०६५/०६६	९८५४०२०१०३

२.२ कोपोमिसमा दर्ता रहेका संस्थाहरु

COPOMIS इन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली हो जसले विद्युतीय माध्यमबाट सहकारी संस्थाहरुको तथ्याङ्क व्यवस्थापन, नियमन र प्रवर्द्धन गर्दछ।COPOMIS Software मा सहकारी संस्थाहरुले प्रविष्ट गरेको विवरण अनुसार बर्दिवास नगरपालिका भित्रका सहकारी संस्थाहरुको विवरण निम्न रहेको छ ।

तालिका नम्बर-२

सहकारीको प्रकार	संख्या
कृषि	२८
वचत तथा ऋण	१३
अन्य	३
उपभोक्ता सहकारी	३

तरकारी तथा फलफूल सहकारी	२
बहुउद्देश्यीय	२
साना किसान सहकारी/कृषि	१
कुल जम्मा सहकारी	५२

मासिक वित्तिय विवरण कोपोमिसको प्रविष्टी अनुसार

विवरण	रकम (रु.)
कुल बचत	४७९६९६६८६.२
कुल सेयर लगानी	६९८११२००
कुल ऋण लगानी	५०८११२३९५.२

श्रोतः मिति २०८२ असार मसान्त सम्मको कोपोमिस डाटा

यसरी हेर्दा बर्दिवास नगरपालिकाको नियमन भित्र ५२ वटा सहकारी संस्था छन् भन्ने देखिन्छ। यसमा पनि सबै सक्रिय छैनन्। सबैले नियमित Entry गरेको पाइदैन। केही सहकारी सस्थाहरुको सुरुवातमा विभागले नै Entry गरेको, केही सहकारी संस्था आफैले Entry गरे। कतिपयले विवरण हाल्न छाडे जुन निष्कृय छन् भन्ने अनुमान छ। जसले नियमित विवरणहरु Entry गरिरहेका छन् ती सबै सहकारीहरु सक्रिय सहकारी हुन् भन्ने निश्चित छ।

नोटः कोपोमिसमा सबै सहकारी संस्थाहरुले आफैं विवरण प्रविष्टि नगरेसम्म पूर्ण तथ्याङ्क प्राप्त गर्न सकिदैन। यसर्थ कोपोमिसको विवरण र अभिलेखको विवरणमा केही फरक पर्न सक्दछ।

२.३ सक्रिय सहकारी संस्थाहरुः

आ.व.२०८१/०८२ मा आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन बुझाउने सहकारी संस्थाहरुको संख्या ३२ वटा रहेको छ। यसरी हेर्दा नियमित Audit गर्ने, साधारण सभा गर्ने वा भनौ सक्रिय सञ्चालन भएका सहकारी संस्थाहरु ३२ वटा रहेका छन् ।

तालिका नम्बर-३

क्र. स.	सहकारी संस्थाको नाम	ठेगाना	सदस्य संख्या			पछिल्लो आ.व.को वित्तियविवरण						प्रत्यक्ष रोजगारी
			महिला	पुरुष	जम्मा	शेयर पूँजी	जगेडा कोष	बचत संकलन	ऋण लगानी	स्थिर सम्पत्ति	जम्मा सम्पत्ति दायित्व	
१	सत्कर्म कृषि सहकारी सं.लि.	बर्दिवास १४	७१०	७२९	१४३९	६६३२४००	३८३०६००	४९३५८४७२.५८	५०८२०११५	१८११८९.८९	७२८०२२८७.१३	५
२	एकीकृत बचत तथा ऋण सहकारी सं.लि.	बर्दिवास १	१३४१	१७९१	३१३२	१७०००६००	४५२६८७	१०९२८५१२१	११६४७२७७९	४५९२७५.	१४९४९१३९७.८४	१३
३	बर्दिवास बचत तथा ऋण सहकारी स.लि.	बर्दिवास १	१५५६	२११२	३५७१	२३९२९२००	१६९९४६२६	१५४३८८९००.८९	१६९७०००८१	७७९२५४६.५९	२२२०५५६६७.७३	
४	सहयोगात्मक कृषि सहकारी स.लि.	बर्दिवास १	९३०	६६९	१५९९	३८८६४००	३१२५१८.४५	५८५६०२७७.८	२४३१००४३	१५८०१५१.९	३२१०८८८.६५	५
५	जनमुखी सानाकिसान कृषि सहकारी सं.लि.	बर्दिवास ६	५९१	१६५	७५६	५६१६८००	८९०९५४	२१६९३१५	१७१५०५३६	५७७०७९	२०९३४०३८	४
६	कुसुम कृषि सहकारी संस्था लि.	बर्दिवास १	-	-	८४८	१९६२५००	१६६८५७५.६४	१९७९८६४२.०६	३८०२०४९९.५२	१८९३१.६१	४३५७३३२८.१२	५
७	जनएकता कृषि सहकारी संस्था लि.	बर्दिवास १४	११९	३२	१५१	३०३३६००	४५८९३६.४३	२७७४०१६	९८०७४६३	२०६६४	४६५३७२३.१२	२
८	मितेरी बचत तथा ऋण सहकारी सं.लि.	बर्दिवास १	२२०	४७०	७१४							
९	खयरमारा बहुउद्देश्यीय सहकारी संस्था लि.	बर्दिवास १०				२८१००००	३९१७१.८२	४७६१०९६.२८	४८१९०९१	२२४२३४.२५	८१९०६१०.८४	
१०	लालीगुराँस जन उपभोक्ता सहकारी संस्था लि.	बर्दिवास ६				१९८९५९	३१९९४.६५	-	-	१६२४५८	६९४४६२.५५	
११	मैत्री कृषि सहकारी संस्था लि.	बर्दिवास ४	५५०	५००	१०५०	२३१४०५०	४६५०९५	१०६३५०५७१०	१९०३८०९९.४८	३६८९९.२४	२०३०४७६६.६९	७

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	सदस्य संख्या			पछिल्लो आ.व.को वित्तियविवरण						प्रत्यक्ष रोजगारी
			महिला	पुरुष	जम्मा	शेयर पूँजी	जगेडा कोष	बचत संकलन	ऋण लगानी	स्थिर सम्पत्ति	जम्मा सम्पत्ति दायित्व	
१२	चेरु जनकल्याण सामुदायिक कृषि सहकारी सं.लि.	बर्दिवास ४	१३४	१६८	३०२	५६९००	२६१४१७.७२	१४२५८८२.३३	२९६१३७९	५२६२३९	१७३५५३२.७८	१
१३	सम्झौता बचत तथा ऋण सहकारी सं.लि.	बर्दिवास १				२६६३६००	३०५२२५.९४	११७५२१९६	१५६१६६८६	२६६४७	१६८९१४३७.७९	
१४	नौलो कृषि सहकारी संस्था लि.	बर्दिवास ६				४४५०००	११०४९९.४१	१७०१६१२.४८	१६१९२३३.२१	३५०३०.३७	५७२२२०५.५७	
१५	किसान बहुमुखी सहकारी संस्था लि.	बर्दिवास १				३७४१७६.११	२६१३६५.८७	-	१७५६५६.९३	१८३८२९२	८८५१२२५.६१	१
१६	किसान कृषि सहकारी संस्था लि.	बर्दिवास ७	१२	२४	३६	२२०१००	४२३६.५४	४६०१४२	१११५१८५	२०१८७०.७५	१३३२७८९.७५	१
१७	टुटेश्वर उपभोक्ता सहकारी संस्था लि.	बर्दिवास १०				१२२५६.७५	-	-	-	-	-	
१८	पशुपति जन उपभोक्ता सहकारी संस्था लि.	बर्दिवास ९			३३	३३००	५८२३७.५	-	-	-	४२१८१४.४	१
१९	स्वाबलम्बी समाज जागरण बचत तथा ऋण स.	बर्दिवास ३	५०	३९	८९	११०५७००	१७१५१०.२६	३४७०२३४.२	५०२५०००	८०६७७	५३०९३८९.६८	२
२०	समृद्धि सानाकिसान कृषि सहकारी संस्था लि.	बर्दिवास १	१६	१८	३४	१४७००	२६६	२५४९७.६१	-	-	४५४७७.६१	
२१	युवा जागरण कृषि सहकारी संस्था लि.	बर्दिवास ४			२६	१३०००	२३६०	३१४२००	२३८५२८		९०६५१	
२२	हरियाली कृषि सहकारी संस्था लि.	बर्दिवास ५			४२	४२०००	७६५८	१४५६०	१९५६०	१४०७८	६८०४५.६	
२३	सहयोगात्मक घरेलु सहकारी संस्था लि.	बर्दिवास १				९६९३००	१४७२४२.०८	४९९४४१६	७९४२१६५.७४	३९०४८७.५	१४७०७५०८.५	

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	सदस्य संख्या			पछिल्लो आ.व.को वित्तियविवरण						प्रत्यक्ष रोजगारी
			महिला	पुरुष	जम्मा	शेयर पूँजी	जगेडा कोष	बचत संकलन	ऋण लगानी	स्थिर सम्पत्ति	जम्मा सम्पत्ति दायित्व	
२४	पशुपतिनगर सामाजिक उद्धमी महिला सहकारी संस्था लि.	बर्दिवास ९	५९४		५९४	३९९२००	१७२३४४.५९	२३५८३७६	१३७३२७६	४४८७८४६.७३	९५४९६९०.९९	
२५	कारिकदेव कृषि सहकारी संस्था लि.	बर्दिवास १३	६३	७०	१३३	६०४७००	१६०८१०/२३	२८७९१५५	३४३९७६०	९७१४८	६५०५१९७	३
२६	प्रगतिशिल महिला कृषि सहकारी संस्था लि.	बर्दिवास ३	२०५	-	२०५	६८९१६	५३६९६	६०१२०६	२१४४६०	१९६१९४५	२२२१८६२	०
२७	साना किसान कृषि सहकारी संस्था लि.	बर्दिवास ६	९	२६	३५	८२००	५८०८८	३३६५०	२००००	२१९४५	१३८५२६/९१	०
२८	सृजनशिल बचत तथा ऋण सहकारी संस्था लि.	बर्दिवास ६	६	३०	३६	१०००००	०	३३७००	१२६२००	०	१४५७००	०
२९	लक्ष्मी महिला कृषि सहकारी संस्था लि.	बर्दिवास ४	९००	-	९००	१२३०९००	२८६०४३/२५	७५७०९५०	८९६४६३५	३३८७७१/२५	९८६२६०१/३६	२
३०	गौरी ताजा तरकारी उत्पादन कृषि सहकारी संस्था लि.	बर्दिवास ३	६		२५६	१००३००	०	३४६३८६	६१०००	११२५१३८	१७६१९१७	०
३१.	ज्योति सामाजिक उद्दमी महिला सहकारी संस्था लि.	बर्दिवास १०	१२४९	०	१२४९	२०,००,०००।	३३००	१,५६,२७,७६६।	१,८०,७३,१०९।	४,६१,०९३।	५,५४,२,९४४।५४	३
३२	प्रगति कृषि सहकारी संस्था लि.	बर्दिवास ३				३७४३५	२८३६२।९८	३६४१६०	४४५९५३	१५००	७११३२९।९१	

श्रोतः बर्दिवास नगरपालिकाको अभिलेख

२.४ एकीकरण भएका सहकारी संस्थाहरुः

बर्दिवास नगरपालिकाले एकीकरण गरेको सहकारी संस्थाहरुको विवरण निम्न अनुसार रहेको छः

तालिका नम्बर-४

क्र.स.	सहकारी संस्थाहरुको नाम	एकिकरण मिति र एकिकरण पछिको दर्ता नम्बर	एकिकरण पश्चातको नाम
१.	१.बर्दिवास बचत तथा ऋण सहकारी सं.लि. २.संजिवनी बचत तथा ऋण सहकारी सं.लि. ३.जय श्री कृषि सहकारी सं.लि.	२०७७/०३/१४ द.नं.६१३/२०६७/१२/३०	बर्दिवास बचत तथा ऋण सहकारी सं.लि.
२.	१.साथी बचत तथा ऋण सहकारी सं.लि. २.जूनतारा बचत तथा ऋण सहकारी सं.लि. ३.नमूना बचत तथा ऋण सहकारी सं.लि. ४.शुभसमय बचत तथा ऋण सहकारी सं.लि.	२०७७/०३/२३ द.नं. ०१/०७६/०३/२३	एकीकृत बचत तथा ऋण सहकारी सं.लि.
३.	१.बर्दिवास बचत तथा ऋण सहकारी सं.लि. २.जन जागृत बचत तथा ऋण सहकारी सं.लि.	२०७७/०३/१४ द.नं.६१३/२०६७/१२/३०	बर्दिवास बचत तथा ऋण सहकारी सं.लि.

श्रोतः बर्दिवास नगरपालिकाको अभिलेख

अध्याय तीनः सहकारी शाखाबाट सम्पादित कार्यहरु

३.१ अनुगमनः

आर्थिक वर्ष २०८१।८२ मा बर्दिवास नगरपालिकाले अनुगमन गरेका सहकारी संस्थाहरु देहायबमोजिम रहेका छन्।अनुगमनका क्रममा देखिएको समस्या तथा सुझावहरु एकमुष्ठ रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

तालिका नम्बर-५

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	अनुगमन मिति
१	सत्कर्म कृषि सहकारी संस्था लि.	बर्दिवास १४	२०८१।११।२१
२	एकीकृत बचत तथा ऋण सहकारी संस्था लि.	बर्दिवास १	२०८१।११।२३
३	बर्दिवास बचत तथा ऋण सहकारी संस्था लि.	बर्दिवास १	२०८१।११।२६
४	सहयोगात्मक कृषि सहकारी संस्था लि.	बर्दिवास १	२०८१।१२।०४
५	कुसुम कृषि सहकारी संस्था लि.	बर्दिवास १	२०८१।१२।०६
६	जनमुखी साना किसान कृषि सहकारी संस्था लि.	बर्दिवास १	२०८१।१२।०६
७	जन एकता कृषि सहकारी संस्था लि.	बर्दिवास १४	२०८१।१२।०७
८	मितेरी बचत तथा ऋण सहकारी संस्था लि.	बर्दिवास १	२०८१।१२।०७

श्रोतः बर्दिवास नगरपालिकाको अभिलेख

क) समस्याहरुः

- कार्यक्षेत्र बाहिर कारोबार गरेको,
- पुँजी पर्याप्त नरहेको,
- कोषहरुको उचित व्यवस्थापन नगरेको,
- ऋणको वर्गीकरण नगरेको,
- भाखा नाघेको ऋण धेरै भएको,
- सञ्चालकहरुको समेत भाखा नाघेको ऋण देखिएको,
- दोहोरो सदस्यता रहेको,
- लेखा सुपरीवेक्षण समिति क्रियाशिल नदेखिएको,
- सदस्यको तहसम्म सहकारी शिक्षा नपुगेको,
- कृषि सहकारी संस्थाहरुमा मुख्य कारोबार बचत तथा ऋणको रहेको,
- कृषि सहकारी संस्थाहरुले उद्देश्य अनुसार कार्य गर्न नसकेको।

<u>ख) सुझावहरु:</u>

- कार्यक्षेत्र बाहिरका सदस्यहरुको सदस्यता अन्त्य गर्ने,
- ऋणको वर्गीकरण नियमित गर्ने,
- संस्थाको संस्थागत पुँजी पर्याप्त बनाउने, कुल निक्षेपको ३० देखी ३५ प्रतिशत बनाउन प्रयत्नशिल रहने,
- भाखा नाघेको ऋण घटाउन कार्य योजना बनाई तुरुन्त कार्य प्रारम्भ गर्ने,
- नाम कृषि सहकारी काम जति सबै बचत तथ ऋणको देखिएकोले उद्देश्य, अनुसारको कृषि कार्य गर्ने। बचत तथा ऋणको कारोबार घटाई कृषि तर्फको खरिद विक्रि कारोबार बढाउने,
- नियमित/दैनिक बचत गर्ने बचतकर्ताहरुको बचतमा पाउने ब्याजको दर र उनीहरुले लिने ऋणको दर बीचको अन्तर बढीमा ६ प्रतिशत कायम गर्ने,
- सदस्य शिक्षा कोषको रकम अनिवार्य रुपमा सदस्यहरुको शिक्षामा खर्च गरी सहकारी शिक्षा सबै सदस्यहरु सम्म विस्तार गर्ने,
- सामुदायिक विकास कोषको रकम सामुदायिक उत्तरदायित्वको क्षेत्रमा खर्च गर्ने,
- दोहोरो सदस्यता अन्त्य गर्ने,
- सम्पति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरुलाई जारी गरिएको निर्देशनको पालना गर्ने,
- सदस्य केन्द्रीयता बढाउन विस्तारित मञ्चहरुको बैठक बढाउने,
- जोखिम मूल्यांकन गरेर मात्र ऋण प्रवाहको व्यवस्था मिलाउने,
- कुल ऋण लगानीको २ प्रतिशत भन्दा बढी नहुने गरी भाखा नाघेको ऋणलाई सिमाबद्ध गर्ने,
- नकमाउने सम्पत्तिको हिस्सा घटाउने,
- कारोबार Manual नभई System मा आधारित बनाउने,
- लेखा सुपरीवेक्षण समितले आफ्नो भुमिका निर्वाह गरी आन्तरिक नियमनमा जोड दिने।

३.२ दर्ता:

आर्थिक वर्ष २०८१।८२ मा दर्ता भएको सहकारी संस्थाहरुको विवरण देहाय बमोजिम रहेको छः

तालिका नम्बर-६

क्र.स.	सहकारी संस्थाको नाम	ठेगाना	दर्ता नम्बार	दर्ता मिति
१	सगुन सामुदायिक विद्युत उपभोक्ता सहकारी संस्था लि.	बर्दिवास नगरपालिका-७	०९।०८१।०८२	२०८१।०६।१४

श्रोतः बर्दिवास नगरपालिकाको अभिलेख

१) ३.३ पुर्नरलिखित विनियम संशोधन स्वीकृतिः १) बर्दिवास बचत तथा ऋण सहकारी संस्था लि. को संसोधन सहित पुर्नरलिखित विनियम स्वीकृत गरिएको:- २०८१/०३/११

२. किसान बहुमुखी सहकारी संस्थाको विनियम संशोधन सहित पुर्नरलेखन लागि स्वीकृति गरिएको: २०८२/०५/१८

३.४ प्रवर्द्धनः

आर्थिक वर्ष २०८१।८२ मा देहाय बमोजिम प्रवर्द्धनात्मक कार्यहरु गरिएको:

- ६८ औं राष्ट्रिय सहकारी दिवस २०८१ तथा अन्तराष्ट्रिय सहकारी वर्ष २०२५ को अवसरमा सहकारी संस्थाको प्रवर्द्धन र व्यवस्थापन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- संघीय सहकारी ऐनमा गरिएको नयाँ व्यवस्था, सहकारी संस्थाहरुको जिम्मेवारी तथा बर्दिवास नगरपालिकाको विद्यमान सहकारी ऐन र नियमावलीमा संशोधन गर्नुपर्ने विषयमा छलफल कार्यक्रम सम्पन्न भएको।
- कृषि सहकारी संस्थाले कसरी कार्य गर्नुपर्दछ भन्ने विषयमा कृषि सहकारी संस्थाहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।

३.५ तथ्याङ्क तथा अभिलेख व्यवस्थापनः

बर्दिवास नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सक्रिय सहकारी संस्थाहरुको संख्या एकीन गरी तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापनको लागि देहाय बमोजिमको कार्य गरिएको:

क) प्रथम पटकः मिति २०८१।०९।०१ मा पहिलो पटक सूचना प्रकाशन गरी अभिलेख व्यवस्थापनको लागि देहायको विवरण सहित नगरपालिकाको सम्पर्कमा आउन सहकारी संस्थाहरुलाई आह्वान गरिएको।

- संस्थाको प्रमाणपत्र
- करचुक्ता
- प्यान नम्बर
- विनियमको एक प्रति
- लेखा परीक्षण प्रतिवेदन
- सञ्चालक समितिको विवरण (सम्पर्क नम्बर सहित)
- कर्मचारीको विवरण(सम्पर्क नम्बर सहित)
- पछिल्लो साधारण सभा तथा निर्वाचनको जानकारी
- संस्थाको आधिकारिक इमेल

ख) दोस्रो पटकः पहिलो पटक सूचना प्रकाशन गर्दा अभिलेखमा भए अनुसार सबै सहकारी संस्थाहरु सम्पर्कमा नआएकोले पुनः २०८२।०२।१२ मा पन्ध्र दिनको समयावधि दिई माथि उल्लेखित विवरण तथा वार्षिक प्रतिवेदन सहित नगरपालिकाको सम्पर्कमा आउन सुचना प्रकाशन गरिएको।

ग) तेस्रो पटकः मिति २०८२।०२।२७ मा हाम्रो अभिलेखमा देखिएका सहकारी संस्थाहरु मध्ये सम्पर्कमा आउन बाँकी सहकारी संस्थाहरुको वडागत विवरण तयार गरी नगरपालिकाको सम्पर्कमा पठाईदिनुहुन भनी सबै वडा कार्यालयहरुमा पत्रचार गरिएको।

अतः यसरी विभिन्न पटक सूचना प्रकाशन गर्दा नगरपालिकाको सम्पर्कमा आएका ३२ वटा सहकारी संस्थाहरु (तालिका नम्बर ३ अनुसारको सहकारी संस्थाहरु) बर्दिवास नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरु हुन।सम्पर्कमा नआएका अन्य सहकारी संस्थाहरुलाई निष्क्रिय घोषणा गर्दै जाने तयारी नगरपालिकाले गरेको छ।

अध्याय चारः कृषि सहकारी संस्थाले के गर्ने ?

रामणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
बर्दिवास नगरपालिका

कार्यकारी सारांशः कृषि सहकारी संस्थाहरुले उद्देश्य अनुरुप कृषि कार्य गर्नुको सट्टा बचत तथा ऋणको कारोबारमा मात्र सिमित रहनु सहकारी सिद्धान्त र सहकारी कानून अनुसार मिल्दैन। कृषि सहकारी संस्थाहरु बचत तथा ऋणको कारोबारमा मात्र सीमित नहोस् भनेर सहकारी कानूनमा तीस प्रतिशतको सीमा सहित मुख्य कारोबारलाई परिभाषित पनि गरिएको छ। व्यवहारमा भने अधिकांश कृषि सहकारी संस्थाहरुले बचत तथा ऋणको मात्र कारोबार गर्ने गरेको देखिन्छ जुन गर्न नपाईनेमा नियामक निकायले प्रश्न पनि गर्ने गरेको छ तर जवाफमा **कृषि सहकारी हो आफ्ना सदस्यहरुलाई कृषि कार्य गर्नको लागि ऋण लगानी गरेका छौ** भन्ने तर्क सुन्न पाईन्छ। कृषि सहकारी संस्थाले कृषि कार्यको लागि सदस्यहरुलाई ऋण लगानी गरेर मात्र कृषि सहकारी हुन सक्दैन भन्नेमा स्पष्ट हुनु पर्दछ। बास्तवमा कृषि सहकारीले कसरी काम गर्ने भन्ने बुझाईमा दुविधा भएकोले पनि कृषि सहकारी संस्थाहरुले उद्देश्य अनुरुप कार्य गर्न नसकेको हुनसक्छ। यसर्थ नियामक निकाय तथा सहकारी अभियानले जिम्मेवारीका साथ आ-आफ्नो भुमिका निर्वाह गरी क्षमता विकास, प्रवर्द्धन तथा नियमनको कार्य गर्नुपर्दछ। नियतबस सजिलोको लागि बचत ऋणको मात्र कार्य गर्ने कृषि सहकारी संस्थाहरुलाई कारबाही गर्न तीनै तहको नियामक निकाय पछाडि हट्नु हुँदैन।

पृष्ठभुमीः कृषिको प्रचुर सम्भावना रहेको बर्दिवास नगरपालिकामा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण, बजार प्रवर्द्धन र मुल्य श्रृङ्खला अभिवृद्धिमा कृषि सहकारीको महत्वपूर्ण भुमिका रहेको छ। बास्तवमा नगरपालिकाले कृषि क्षेत्रको हरेक कार्यक्रमहरु कृषक समूह तथा कृषि सहकारी संस्थाहरुको माध्यमबाट गर्नुपर्दछ। कृषकहरु समूह र सहकारीमा आबद्ध हुन नसक्दा कृषि कार्यक्रमहरु छरिन पुग्दछन जसले गर्दा कार्यक्रमको नतिजा देखिदैन र कार्यक्रम प्रभावकारी हुन सक्दैन। यसर्थ, कृषक तथा कृषक समूहहरु सहकारी संस्थामा आबद्ध भई कृषि कर्म

गर्नुपर्दछ र नगरपालिकाले तीनै कृषि सहकारी संस्थाको माध्यमबाट लागत घटाउन अनुदान वितरण, भण्डारण, बजार प्रवर्द्धनका साथै मुल्य श्रृङ्खला अभिवृद्धिमा आधारित उत्पादन वृद्धिको लागि उपकरण लगायतका प्राविधिक सहयोग गरी उद्यमशिलता प्रवर्द्धन र रोजगारी सृजना गर्नुपर्दछ।

कृषि सहकारी किन चाहिन्छ ?

- किसानलाई उत्पादनको उचित मूल्य दिलाउन,
- समाजमा देखिएको विचौलियाको आतङ्क अन्त्य गर्न,
- सामूहिक कृषि प्रणालीको विकास गर्न,
- कृषि उत्पादनलाई Value add सँग आबद्ध गरी उद्यमसिलता विकास गर्न तथा सामुहिक रुपमा समग्र कृषकरुको जिवनस्तर माथि उकास्न कृषि सहकारी नै चाहिन्छ ।

कृषि सहकारीले के गर्नुपर्छ त ?

कृषि सहकारीमा कृषक मात्र सदस्य बन्न सक्दछ। जसले कृषि कर्म गर्दैन उ सहकारीको सदस्य हुन सक्दैन। उदाहरणका लागि: भैसि पाल्ने किसान दूध सहकारीको सदस्य बन्न सक्दछ। खाधान्न, तरकारी, पशुपालन आदी गर्ने किसान कृषि सहकारीको सदस्य हुन सक्दछ। तर व्यापार मात्र गर्ने व्यापारी कृषि सहकारी संस्थाको सदस्य हुन सक्दैन।

कृषि सहकारी संस्थाहरुले देहाय बमोजिमको कार्यहरु गर्नु पर्दछ:

- कृषि सहकारीको बैठकमा बचत ऋणको विषयमा होइन कृषि उत्पादन वा खेतीपाति, बालिनालिको विषयमा छलफल हुनुपर्दछ। माईन्युटहरुमा त्यस्ता विषयको निर्णय भएको हुनुपर्दछ जस्तै:-मकै खेतीमा कुनै रोग देखा पर्यो भने तुरुन्त सञ्चालक समितिको बैठक बोलाई बालि उपचार र Clinic सञ्चालन गर्न नगरलाई अनुरोध गर्ने निर्णय गर्नुपर्दछ। साधारण सभाले यस्तो पनि निणर्य गर्न सक्दछ: "नश्ल सुधारको लागि दुई ठुला उन्नत जातका मुर्रा भैसी खरिद गर्ने" आदि।
- सहकारी संस्थामा कृषि उपज खरिद विक्रिको कारोबार भएको हुनुपर्दछ।
- **खरिद:-** संस्थाले सदस्यहरुको उत्पादन खरिद गर्नुपर्दछ। उत्पादनको खरिद मुल्य सदस्यहरुले निर्धारण गर्दछन र संस्थाले खरिद गर्दछ।

- **विक्रिः** संकलन भएको उपज एकमुष्ठ रुपमा संस्थाले बजारमा लगेर बेच्नु पर्दछ। अर्थात यहाँ बजार संस्थाले खोज्नु पर्दछ।
- कृषि सहकारी संस्थामा सदस्य किसानहरुको उत्पादन बढाउने गरी बजारीकरणको लागि संस्थाले भूमिका खेल्नु पर्दछ। जग्गा भाडामा लिएर वा लिजमा लिएर गैर सदस्यलाई काममा लगाएर उत्पादन गर्नेतर्फ जान हुदैन। फेरी सदस्यहरुले नै सामूहिक खेती गर्छन भने ठीक हो।
- कृषि सहकारी संस्थामा संस्थाले खेतिपाति गर्ने होईन संस्था भनेको सदस्य किसानहरु हुन तसर्थ सदस्य किसानहरुले खेतिपाति गर्ने हो। सदस्य किसानको उत्पादन बढाउने कार्यक्रम गर्ने, विक्रि वितरणको लागि बजार सुनिश्चित गर्ने तथा आवश्यकता अनुसार मुल्य श्रृङ्खला अभिवृद्धिमा आधारित कार्यहरु संस्थाले गर्ने हो।

<u>बिचौलियाको अन्त्य कसरी हुन्छ त ?</u>

दुध संकलन केन्द्र र दुग्ध सहकारीको उदाहरणबाट यस विषयमा प्रष्ट्र पार्न खोजिएको छः

बिषय	दुध संकलन केन्द्र	दुग्ध सहकारी
उत्पादन	- दुध उत्पादन किसानले गर्छ,	- दुध उत्पादन किसानले गर्छ,
श्रम	श्रम किसानको हुन्छ,	श्रम किसानको हुन्छ,
संकलन	निजी ब्यापारी वा दुध संकलन केन्द्रमा संकलन हुन्छ,	दुध संकलन सहकारी संस्थामा हुन्छ,
मूल्य निर्धारण	- मूल्य निर्धारण पनि ब्यापारीले नै गर्दछ,	- मूल्य निर्धारण सहकारी संस्थाले गर्दछ,
	- नियमित रुपमा किसानले मूल्य पनि पाउदैन र कतिपय अवस्थामा पैसा नदिई भागेको उदाहरण पनि छ,	- सहकारी संस्थाले नियमित रुपमा सदस्य किसानको भुक्तानी समयमा नै गर्दछ,
नाफा	- नाफा ब्यापारीको हुन्छ,	- नाफा संस्थाको हुन्छ,
	- नाफा किसानले पाउँदैन,	- संस्थाको नाफा बाढिएर लाभांस र संरक्षित पुंजी कोषको रुपमा तिनै सदस्य किसानहरुमा पुग्दछ,

बिषय	दुध संकलन केन्द्र	दुग्ध सहकारी
अन्य सहयोग	- कृषि तालिम,घाँसको बिउ वितरण जस्ता सहयोगको अपेक्षा गर्न सकिदैन,	- संस्थाले सदस्यहरुलाइ कृषि तालिम,घाँसको बिउ वितरण आदिको व्यवस्था गर्न सक्दछ साथै नगरपालिकाको पशु सेवा केन्द्रसँगको समन्वयमा अन्य कार्यहरु गर्न सक्दछ,
नियमन	- प्राय दर्ता छैनन।राज्यको नियमन भित्र छैनन्,	- सहकारी संस्था दर्ता भएको हुन्छ।राज्यले नियमन गरेको हुन्छ।ठगेर भाग्ने सम्भावना हुदैन,
निष्कर्ष	-परिश्रम किसानले गर्दछ,किसानले परिश्रमको उचित मुल्य पाउदैन,किसानको परिश्रममा बिचौलियाले नाफा खान्छ।	- परिश्रम किसानले गर्दछ,आफ्नो परिश्रमको मूल्य निर्धारण किसान आफैले गर्दछ,परिश्रमको मूल्य पनि किसानले नै पाउँदछ।अर्थात बिचौलियालाई जाने नाफा पनि अब किसानको हातमा पुग्दछ।

यसरी कृषि सहकारी संस्थाको माध्यमबाट बिचौलिया अन्त्य गर्न सकिन्छ ।

<u>आर्थिक उदाहरण:</u>

मानौ गाउँमा ५० परिवार किसानहरु भैसि पालन गर्छन।एउटा किसानले प्रति दिन १० लिटर दुध उत्पादन गर्दछ। गाउँमा प्रतिलिटर दुधको मुल्य रु ९० रहेको छ।बजारमा लगेर बेच्दा बजार मुल्य भने रु १०० रहेको छ।

आधार	दुध संकलन केन्द्र	दुग्ध सहकारी
खरिद प्रति महिना	५० किसान संख्या * १० लि. दुध प्रति दिन * ९० प्रति लि. मुल्य * ३० दिनको = **रु १३,५०,०००/-**	५० किसान संख्या * १० लि. दुध प्रति दिन * ९० प्रति लि. मुल्य * ३० दिनको = **रु १३,५०,०००/-**
विक्रि प्रति महिना	५० किसान संख्या * १० लि. दुध प्रति दिन * १०० प्रति लि. मुल्य * ३० दिनको = **रु १५,००,०००/-**	५० किसान संख्या * १० लि. दुध प्रति दिन * १०० प्रति लि. मुल्य * ३० दिनको = **रु १५,००,०००/-**
नाफा प्रति महिना	बिक्रि मूल्य =१५,००,०००/-	बिक्रि मूल्य =१५,००,०००/-

आधार	दुध संकलन केन्द्र	दुग्ध सहकारी
	खरिद मूल्य = १३,५०,०००/- नाफा = १,५०,०००/- यो दुध संकलन केन्द्रको वा ब्यापारीको नाफा हो।	खरिद मूल्य = १३,५०,०००/- नाफा = १,५०,०००/- यो सहकारी संस्थाको नाफा हो।
नाफा बाँडफाँट	नाफा किसानले पाउँदैन।नाफा जति सबै व्यापारीको हुन्छ।	दुग्ध सहकारी संस्थाको नाफा = रु १,५०,०००/- सदस्य किसानको संख्या = ५० प्रति किसान नाफा बापतको रकम = १५०००० / ५० =रु ३,०००/-
एक जना किसानको प्रति महिनाको आम्दानी	एक जना किसानको प्रति दिन दुध बिक्रि १० लि.* प्रति लि. दुधको मुल्य ९० *३० दिनको = **रु २७,०००/-**	एक जना किसानको प्रति दिन दुध बिक्रि १० लि.* प्रति लि. दुधको मुल्य ९० *३० दिनको = रु २७,०००/- प्रति किसानको नाफा बापतको रकम रु ३०००/- जम्मा आम्दानी प्रति किसान रु २७,०००+३,०००= ३०,०००/-
निष्कर्ष	दुध संकलन केन्द्रबाट कारोवार गर्दा एउटा किसानले **मासिक रु २७,०००** आम्दानि गर्दछ।	दुग्ध सहकारी संस्थाबाट कारोवार गर्दा एउटा किसानले **मासिक रु ३०,०००** आम्दानि गर्दछ।

यसरी दुध संकलन केन्द्रबाट कारोवार गर्दा एउटा किसानले मासिक रु २७,००० आम्दानि गर्दछ तर त्यही कारोवार दुग्ध सहकारी संस्थाबाट गर्दा एउटा किसानले मासिक रु ३०,००० आम्दानि गर्ने देखिन्छ।

<u>बर्दिबास नगरपालिकाको कृषि सहकारीमा देखिएको केही समस्याहरु:</u>

- बचत तथा ऋणको कारोबार मात्र गरेको,
- कृषिको कार्य भन्दा बचत तथा ऋणको कार्य मुख्य कारोबारको रुपमा रहेको,
- सञ्चालक समिति तथा साधारण सभामा कृषि विषयको पर्याप्त छलफल हुने नगरेको,
- सदस्य किसानको कृषि व्यवसाय प्रवर्द्धन र विकासमा अपेक्षित भुमिका खेल्न नसकेको,

- कृषि सहकारीले कसरी काम गर्ने भन्ने बुझाईमा स्पष्टता नरहेको,
- संस्था दर्ता गर्दा नै अनुदान प्रयोजनको लागि मात्र भनी गलत मनासयले केही कृषि सहकारीहरु दर्ता भएका,
- कृषि सहकारीमा कृषक भन्दा कृषि कार्य नै नगर्ने व्यापारीहरु सदस्य रहेको,
- कृषि सहकारीमा मिहेनत बढि हुने भएकोले सजिलो बाटो बचत ऋण रोजेको,
- " सदस्यहरुलाई कृषि ऋण प्रदान गर्नु" कृषि सहकारी हो भन्ने बुझाईमा अधुरोपना रहेको।

<u>कृषि सहकारी संस्थाहरुले के गर्ने ?</u>

- कृषि सहकारीले बचत ऋणको कारोबार घटाउँदै कृषि उपज खरिद विक्रिको कारोबार बढाउने,
- सदस्य किसानहरुलाई उत्पादन गर्न प्रोत्साहन गर्ने,
- कृषि सहकारीलाई कृषकहरुको मात्र संस्था बनाउने,
- सञ्चालक समिति बैठक, साधारण सभा, विभिन्न विस्तारित मञ्चको बैठकमा कृषि, बालिनाली, पशुपालन, खेतिपातीको छलफल गरी माईन्युट गर्ने,
- माईन्युटको आधारमा देहायको विषयमा नगरपालिका वा अन्य नियामक निकायसँग सहकार्य गर्ने,
  - ✓ सदस्यहरुलाई कृषि तालिम,
  - ✓ रोग नियन्त्रणको लागि बाली क्लिनिक संचालन,
  - ✓ माटो परीक्षण शिविर,
  - ✓ Custom Hiring सञ्चालन आदि।
- कृषि उत्पादनलाई Value add गरी उद्यमशिलता प्रवर्द्धन गर्ने कार्य जस्तै: दुग्ध सहकारीले छुर्पी, मिठाई, घिउ, चकलेट उत्पादन गर्ने। कृषि सहकारीले चामल,पिठो,अचार,जुस आदि उत्पादन गर्ने।
- सदस्य कृषकहरुको जीवनस्तर माथि उठाउने आदि।

<u>नियामक निकायले के गर्ने ?</u>

- नियमित अनुगमन गर्ने, सुधारको लागि पृष्ठपोषण गर्ने,
- सहकारी शिक्षा, कृषि तालिम आदि क्षमता विकासको कार्य गर्ने,
- कृषि सहकारी संस्थाको संकलित उपज बजारीकरणमा सहयोग गर्ने,

- Value Add मा सहयोग गर्ने जस्तै:
    - ✓ दुध सहकारीलाई डेरी सञ्चालन गर्न प्रविधि सहयोग गर्ने,
    - ✓ भण्डारणको लागि Portable cold storage उपलब्ध गराउने,
    - ✓ Final products उत्पादन गर्न Technology सहयोग गर्ने,
    - ✓ Custom Hiring सञ्चालन गर्ने आदि।
- कृषि कार्यक्रम जस्तै : मल वितरण, निशुल्क विउ वितरण, शिविर सञ्चालन आदी कार्यहरु गर्ने।

निष्कर्ष : किसानहरुले सामुहिक रुपमा कृषक समूह तथा कृषि सहकारीमा आबद्ध भई कृषि कर्म गर्नुपर्दछ। कृषि सहकारी संस्थाहरुले पनि उद्देश्य अनुसारको कृषि कार्य गर्नुपर्दछ, सजिलो बाटोको रुपमा बचत तथा ऋणको कारोबारमा मात्र सीमित रहनु हुँदैन। नगरपालिकाले कृषक समूह तथा कृषि सहकारीको प्रवर्द्धन हुने गरी कृषि क्षेत्रका कार्यक्रमहरु समूह सहकारी मार्फत गर्नुपर्दछ। यसरी कृषक, कृषक समूह, कृषि सहकारी तथा नगरपालिकाले इमान्दारीताका साथ आ-आफ्नो भूमिका सहित समन्वय र सहकार्य गरेमा उद्यमशिलता तथा रोजगारी सहित कृषकहरुको जिवनस्तर माथि उकास्न सकिन्छ। समृद्ध समाज निर्माण गर्न सकिन्छ।

सन्दर्भ सामाग्रीः

सहकारी ऐन, २०७४ र नियमावली २०७५

बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५

सहकारी दर्ता दिग्दर्शन, २०७५

सहकारी विभागबाट प्रकाशित पुस्तक **सहकारीता**

विभिन्न वेबसाइटहरु।

अध्याय पाँचः बचत तथा ऋण सहकारी र सदस्यको भुमिका

रामणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
बर्दिवास नगरपालिका

१. विषय प्रवेशः

ऋण ग्रस्तताको अन्त्य गरी साहु महाजनबाट मुक्त गराउन बचत तथा ऋण सहकारी संस्थाहरु स्थापना भएका हुन्। सानो तिनो व्यवहार चलाउन पनि साहुको चर्को ब्याजमा ऋण लिनु पर्ने अवस्थाको अन्त्य गर्न हाम्रो समाजमा बचत तथा ऋण सहकारी संस्थाहरुलाई बरदान कै रुपमा लिन सकिन्छ।
सहकारी संस्थाले सदस्यहरुलाई बचत गर्न सिकाउँछ, गाह्रो साह्रो अप्ठ्यारो पर्दा ऋण दिने मात्र होइन ऋणको ब्याज लाभांसको रुपमा, संरक्षित पुँजी फिर्ताको रुपमा आफ्नो पैसा आफैमा फर्काउने पनि गर्दछ अर्थात बचत तथा ऋण सहकारीले सदस्यहरुलाई मालिक बनाउँछ।

२. वर्तमान अवस्थाः

बचत तथा ऋणको कारोबार गर्ने केही सहकारी संस्थाहरु समस्याग्रस्त घोषणा भए, कतिपय सहकारीका संचालकहरु रकम हिनामिना गरी भागे भने केहीले बचतको दुरुपयोग गरे जसले गर्दा बचत तथा ऋण सहकारी संस्थाहरुको साख घट्दै गयो, बिश्वास हराउँदै गयो र समग्र सहकारी क्षेत्र नै खराव हो भन्ने गलत भाष्य निर्माण गर्ने कोसिस गरियो। फलस्वरूप सहकारीको ऋण तिर्नु पर्दैन भन्ने गलत हल्ला बजारमा फैलाईयो। मानिसहरु जानि जानि, पैसा भई भई पनि ऋण तिर्न छोडे। खराव ऋणको सीमा बढ्दै जान थाल्यो र एक किसिमले बचत तथा ऋण सहकारीमा सन्तुलन बिग्रने जोखिम बढ्दै गयो।
यद्यपि सहकारी सिद्धान्तमा चल्ने सहकारी संस्थाहरुमा यसको कुनै प्रभाव परेको देखिदैन। केही अपवाद बाहेक नेपालको बचत तथा ऋण सहकारी संस्थाहरु बेइमानी

छैनन्। हो कही कतै गल्ती कमजोरी देखिएका छन् जुन नियतवश होइन ज्ञानको कमी वा क्षमता विकासको अभावले गर्दा भएको देखिन्छ।

३. <u>बचत तथा ऋण सहकारी संस्था किन ?</u>

बैङ्क तथा बितीय संस्थाहरु छन् यी संस्थाहरुले पनि बचत तथा ऋणको कारोबार नै गरेका छन् भने छुट्टै बचत तथा ऋण सहकारी संस्था किन चाहिन्छ भन्ने प्रश्न उठ्न सक्छ। साथै बचत तथा ऋण सहकारी संस्थाले पनि बैङ्क जस्तै काम गर्ने रैछ दोहोरो पर्ने गरी यस्ता संस्थाहरु दर्ता नगर्ने र भएका संस्थाहरुलाई पनि खारेज गरी बैङ्क मार्फत नै कारोबार गर्ने व्यवस्था गरे त सदस्यहरुको बचत डुब्ने, ठगिने जस्ता सहकारीको समस्या नै आउने थिएन भन्ने विचार पनि आउन सक्छ।

यसर्थ, हाम्रो समाजमा बचत तथा ऋण सहकारी संस्था किन चाहिन्छ भन्ने विषयमा प्रष्ट हुन जरुरी छ। जुन देहायका बुँदाहरुमा प्रस्तुत गरिएको छः

क) <u>बैङ्क र सहकारी संस्था बीचको फरकः</u> बैङ्क र सहकारी संस्थाहरु सिद्धान्तत र व्यहारगत रुपमा फरक हुन्। बैङ्क भन्दा सहकारी संस्थाहरुमा हुने केही फरक विशेषताहरुले समाजमा सहकारी संस्थाको औचित्य पुष्टि गर्दछ। जस्तैः

बैंक	सहकारी संस्था
बैङ्कमा बचत गर्दा ग्राहक भईन्छ।	सहकारीमा बचत गर्न अनिवार्य सदस्य हुनुपर्दछ।
ग्राहक बैङ्कको शयेर धनि हुन अनिवार्य हुदैन।	सदस्य संस्थाको शेयर धनि हुनै पर्छ।
सानो रकम नियमित बचत गर्न गाह्रो हुन्छ।	सानो सानो रकम नियमित बचत गर्न नै बचत तथा ऋण सहकारी चाहिन्छ।
ऋण लिने प्रक्रिया सहज छैन।	ऋण लिन सहज हुन्छ।
ऋण लिँदा तिरेको व्याज जसबाट बैङ्कको नाफा हुन्छ त्यो अरुले नै पाउँछ।	ऋण लिदा तिरको व्याज जसबाट संस्थालाई नाफा हुन्छ त्यो नाफा लाभांसको रुपमा आफैंलाइ फिर्ता आउँछ।

ख) <u>पहुँचः</u> ग्रामिण क्षेत्रका जनता, मजदुर तथा निम्न वर्गहरुको समेत बचत तथा ऋणको कारोबारमा सहज पहुँचको अवस्थालाई आधार लिने हो भने देहायका बुँदाहरुले बचत तथा ऋण सहकारी संस्थाको आवश्यकता उजागर गर्दछः

- नगरपालिका वा गाउँपालिकाको सहरी क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुगे पनि ग्रामिण क्षेत्रमा नपुगेको अवस्था विद्यमान छ। यस्तो अवस्थामा ग्रामिण क्षेत्रमा बचत तथा ऋण सहकारीले ठुलो भुमिका निर्वाह गरेको पाईन्छ।
- गाउँघरमा सानो तिनो व्यवहार चलाउन ऋणको सहज पहुँच बैङ्कले होइन बचत तथा ऋण सहकारी संस्थाले पुऱ्याउँदछ। ऋण लिन साहु महाजनकोमा जाने अवस्थाको अन्त्य गरेको छ।
- शहरी क्षेत्रका गरिब तथा मजदुरहरु जस्को बैङ्क सम्म सहज पहुँच छैन र सानो सानो रकम मात्र बचत गर्न सक्दछन् त्यस्ता वर्गको पहुँच भनेको बचत तथा ऋण सहकारी संस्था हो।

ग) <u>अन्यः</u> समाजमा बचत तथा ऋण सहकारी संस्थाले बचत तथा ऋणको कारोबारका साथै समाजलाई जिबन्त बनाईराख्ने विभिन्न कार्यहरु गर्दछ जस्ले गर्दा बचत तथा ऋण सहकारी संस्थाको आवश्यकता अझ बढी महसुस हुने गरेको छ। जस्तैः

- समाजमा छरिएर रहेको सानो सानो बचत संकलन गर्दछ,
- ऋण लगानी गर्दछ,
- उत्कृष्ट बचतकर्ता र ऋणिलाइ सम्मान गर्दछ,
- सदस्य महिला, बालबालिका, ज्येष्ठ नागरिकलाई सम्मान गर्दछ,
- सहकारी शिक्षा दिन्छ,
- सुत्केरी पोषण, काजक्रिया खर्च जस्तो सुख दुखमा साथ दिन्छ
- सदस्यहरुको हरेक गतिविधिमा संलग्न हुन्छ, विशेष ध्यान दिन्छ, सदस्यका छोरा छोरीलाई छात्रवृत्ती दिन्छ,
- सामुदायिक विकास कोषको रकमले समाजको विकास निर्माणमा सहयोग गर्दछ आदि।

माथि उल्लेखित बुँदाहरुको आधारमा बचत तथा ऋण सहकारी संस्थाहरु समाजमा आवश्यक छन् भन्ने विषयमा दुईमत रहेन। हाल बजारमा देखिएको बचत तथा ऋण सहकारी संस्थाहरु माथिको अविश्वास हटाउँदै संस्थाहरुमा समस्या नै आउन नदिने गरी काम गर्नु आजको आवश्यकता रहेको देखिन्छ।

४. सदस्यको भुमिकाः

सहकारी संस्थामा कहिल्यै समस्या आउन नदिन वा भनौ सुसाशन कायम गर्न नियामक निकाय, सहकारी अभियान, नेतृत्व सबैको आ-आफ्नो भूमिका हुन्छ। तर सबैभन्दा ठूलो भूमिका सदस्यहरुको हुन्छ। सदस्यको भुमिकालाई देहाय अनुसार प्रस्तुत गरिएको छः

क) नियमित भुमिकाः बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुले नियमित रुपमा निर्वाह गर्नु पर्ने मुख्य भुमिका निम्न अनुसार रहेको छः

- नियमित रुपमा बचत गर्ने,
- आवश्यकता अनुसार ऋण लिने,
- लिएको ऋण समयमै तिर्ने,

सबै सदस्यहरुले यी तीन कार्य गर्ने हो भने संस्था धेरै हदसम्म सुशासनमा चल्छ।

ख) साधारण सभामा भुमिकाः सदस्यहरु साधारणसभामा उपस्थित हुँदा कम्तिमा देहाय अनुसारको भुमिका अनिवार्य निर्वाह गर्नुपर्दछः

- साधारण सभामा अनिवार्य उपास्थित हुने,
- "भत्ता होस नहोस, खाजा होस् नहोस, उपस्थित हुनु मेरो कर्तब्य हो भन्ने बुझ्नु पर्दछ,
- संस्थाको लेखापरीक्षण प्रतिवेदन पढेर आउने,
- लेखा परीक्षण प्रतिवेदन सबै आफै बुझ्न सकिदैन भने बुझ्नेलाई सोध्ने, परिवारमा जान्ने लाई सोध्ने, छिमेकमा जान्नेलाई सोध्ने, गाँउमै जान्नेलाई सोध्ने वा नगरपालिकामा गएर सोध्ने,
- बन्द सत्रमा सक्रिय सहभागी हुनेः बन्द सत्रलाई बढी भन्दा बढी छलफलमय बनाउने।
    - ✓ बन्द सत्रमा लेखापरीक्षण प्रतिवेदनमा देखिएका विषयवस्तुमा प्रश्न गर्ने। जस्तैः विविध खर्च किन बढ्यो, अघिल्लो वर्षको तुलनामा सञ्चालन खर्च किन बढी भयो, संरक्षित पुँजी फिर्ता कोषको रकम किन वितरण नगरेको, भाखा नाघेको ऋण किन बढ्यो आदि।

- ✓ सञ्चालकहरूले लिएको ऋणको अवस्था, सञ्चालकको परिवारले लिएको ऋणको अवस्था, ठुलो रकम ऋण लिने ऋणीहरुले लिएको ऋणको अवस्था, भाखा नाघेको ऋणको अवस्था आदि विषयको बारेमा जानकारी लिने,
- ✓ भाखा नाघेको ऋणको विषयमा बृहत छलफल गरी घटाउने योजना बनाउने,
- ✓ संस्थामा सुशासन कायम गर्न बचत संकलन, ऋण परिचालन, धितो मुल्यांकन लगायतका आवश्यक विषयहरुको आन्तरिक कार्यविधि बनाउने,
- ✓ संस्थामा देखिएका विभिन्न समस्याहरु उपर छलफल गर्ने,
- ✓ आगामी वर्षको वार्षिक कार्यक्रम तयार गर्ने,
- ✓ निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने र निर्णय पारीत गर्ने,
- ✓ अन्य आवश्यक कार्यहरु गर्ने।

ग) <u>अन्य भुमिकाः</u> सदस्यहरुले समयसमयमा कम्तिमा देहाय बमोजिमको क्रियाकलापहरु गरी आफ्नो भुमिका निर्वाह गरेमा संस्थामा सुशासन कायम राख्न सकिन्छः

- ➢ निर्वाचनमा अनिवार्य सहभागी भई सक्षम नेत्तृत्व चयन गर्ने,
- ➢ संस्थाले बोलाएको बैठक तथा छलफलमा अनिवार्य उपस्थित हुने,
- ➢ सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा विभिन्न उपसमितिका पदाधिकारीहरुसँग विभन्न विषयहरुमा नियमिति रुपमा छलफल गर्ने र संस्थाको गतिविधिहरु बुझ्ने,
- ➢ बचत गर्न, ऋण तिर्न आफैं संस्थामा जाने जसले संस्था र सदस्यवीच दूरी कायम हुन दिदैन,
- ➢ बेलाबेलामा संस्थामा गएर संस्थाको गतिविधि बुझ्ने, छलफल गर्ने, सल्लाह सुझाव दिने,
- ➢ सञ्चालकहरुले लिएको ऋण र ऋणको अवस्था बुझ्ने,
- ➢ सञ्चालकको एकाघर परिवारले लिएको ऋण र ऋणको अवस्था बुझ्ने,
- ➢ ऋण कतै घर जग्गा जस्तो अनुत्पादक क्षेत्रमा लगानी भएको त छैन बुझ्ने,
- ➢ सवैलाई समान तरिकाले ऋण लगनी गरे नगरेको बुझ्ने,

- दश ठुला लगानी भएका ऋण र तिनको अवस्था बुझ्ने,
- ऋण उद्देश्य अनुसार लगानी भए नभएको बुझ्ने,
- कर्मचारीहरुले आर्थिक पारदर्शिता कायम गरे नगरेको बुझ्ने,
- सहकारी शिक्षामा भाग लिई क्षमता बढाउने,
- संस्थाले सन्चालन गर्ने विस्तारित मञ्चको बैठक, रक्तदान कार्यक्रम, अन्य सामाजिक उत्तरदायित्वको कार्यहरुमा अनिवार्य सक्रिय उपास्थित हुने,
- संस्थाको हरेक क्रियाकलापमा चनाखो भई चासो राख्ने तथा सक्रिय रुपमा सहभागी हुने।

बचत तथा ऋण सहकारी संस्थामा सदस्यहरुले संस्थाको गतिविधिमा चासो दिन छोड्यो भने सञ्चालकहरुको स्वईच्छारीता बढ्ने जोखिम रहन्छ। सदस्यहरु संस्थाको गतिविधि प्रती सधै चनाखो रहनुपर्दछ। सञ्चालक र कर्मचारीहरुले गरिहाल्छन् नि भनेर वेवास्ता गर्नु हुँदैन, यद्यपि विश्वास गर्नुपर्छ ।

५. <u>निष्कर्ष:</u> बचत तथा ऋण सहकारी संस्थाहरूमा समस्या देखियो भन्दैमा समग्र सहकारी क्षेत्रलाई नै दोष लगाउन मिल्दैन। बचत तथा ऋण सहकारी संस्थाले गरेका असल अभ्यास र समाजमा पुर्याएको योगदानलाई छाँयामा पर्न दिन हुदैन। बरु आजै देखी संकल्प गरी संस्थामा कही कतै कुनै त्रुटीहरु भए समयमै सच्चाई सहकारी मूल्य, मान्यता र सिद्धान्तमा आधारित भई सहकारी संस्थामा सदैव सुशासन कायम गर्न संञ्चालक समिति, कर्मचारी, लेखा सुपरीवेक्षण समिति, अन्य समितिहरु, तथा सबै सदस्यहरु सजग रहनुपर्छ र आ-आफ्नो भुमिका सक्रियताको साथ निर्वाह गर्नुपर्दछ।

सन्दर्भ सामाग्रीः

सहकारी ऐन, २०७४ र नियमावली २०७५
बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५
विभिन्न पत्रपत्रिका तथा लेखहरु
विभिन्न वेबसाइटहरु।

अध्याय छ : नेपालको वर्तमान समयमा सहकारी संस्थाको महत्व, चुनौती, अवसर र सबै सरोकारवालाको सकारात्मक योगदानको आवश्यकता

श्रीमती शारदा दाहाल
संचालक
राष्ट्रिय सहकारी,महासंघ

नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सहकारी आन्दोलनको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ। "एक्लै कमजोर, मिलेर बलियो" भन्ने सहकारी सिद्धान्तले आजको प्रतिस्पर्धात्मक युगमा ग्रामीणदेखि शहरी तहसम्मको आर्थिक सशक्तीकरणमा अभूतपूर्व योगदान पुर्‍याइरहेको छ। सहकारी संस्था केवल आर्थिक लेनदेन गर्ने माध्यम मात्र होइन, सामाजिक न्याय, समावेशिता र स्थानीय स्वावलम्बनको आधारस्तम्भ हो।

सहकारी संस्थाको महत्व

सहकारी संस्था स्थानीय स्रोत, श्रम र पूँजीको परिचालन गर्ने सबैभन्दा प्रभावकारी संयन्त्र हो। यसले सामूहिक लगानी र साझा लाभको अवधारणा अघि सारेको छ, जसले सामान्य नागरिकलाई आर्थिक प्रणालीमा सहभागी बनाउँछ। ग्रामीण क्षेत्रमा रोजगारी सृजना, उत्पादन वृद्धी र उद्यमशीलता प्रवर्द्धनमा सहकारीको योगदान उल्लेखनीय छ। सहकारीले बैंक तथा वित्तीय संस्थाले नपुगेका क्षेत्रमा वित्तीय पहुँच पुर्‍याएको छ।

महिलाको सशक्तीकरण, सीप विकास, बचत–निवेश संस्कार र सामाजिक एकताको माध्यम बनेको छ। राष्ट्रिय उत्पादन वृद्धिमा सहकारीको योगदान क्रमशः बढ्दो क्रममा छ। सहकारीले समाजमा विश्वास, पारदर्शिता र साझेदारीको भाव फैलाएको छ। स्थानीय उत्पादनलाई बजार सम्म पहुँच दिने माध्यम पनि यही बनेको छ। राज्यको नीति "समृद्ध नेपाल, सुखी नेपाली" साकार पार्ने यात्रामा सहकारी महत्वपूर्ण स्तम्भ हो। कृषि, सेवा र उद्योगसम्म, सहकारीको उपस्थिति सबै क्षेत्रमा विस्तार भएको छ।

सहकारीका अवसरहरू

संघीय संरचनाको प्रयोग गरेर प्रदेश र स्थानीय तहमा सहकारीलाई सशक्त बनाउन सकिन्छ। सरकारले सहकारी नीतिलाई उत्पादनमुखी र प्राविधिक सहयोगमुखी बनाएको छ। सहकारीले अब डिजिटलीकरण, आधुनिक लेखा प्रणाली र सूचना प्रविधिको प्रयोगमार्फत

पारदर्शिता बढाउने अवसर पाएको छ। अन्तर्राष्ट्रिय सहकारी संघसँगको सहकार्यले विश्वस्तरको ज्ञान र प्रविधि भित्र्याउने सम्भावना बढेको छ। युवालाई सहकारी व्यवसायमा आकर्षित गर्ने अवसर छ । कृषि, पशुपालन, टुरिज्म, इ–कमर्स आदि क्षेत्रमा। सहकारी शिक्षालाई विद्यालयदेखि विश्वविद्यालय तहसम्म समावेश गरेर भावी पुस्तामा सहकारी चेतना फैलाउन सकिन्छ। सहकारीबीच सहकार्य (cooperation among cooperatives) बढाउने अवसर छ। सरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारीले सहकारीलाई थप विश्वसनीय बनाउन सक्छ। सहकारी बीमा र लगानी कोष विकासमार्फत जोखिम न्यूनीकरणको राम्रो सम्भावना छ। ग्रामीण अर्थतन्त्रको मेरुदण्ड बन्ने अवसर अझै पनि प्रशस्त छ।

सहकारी क्षेत्रका चुनौतीहरू

असंगठित व्यवस्थापन र कमजोर प्रशासनिक क्षमता प्रमुख चुनौती हुन्। कतिपय सहकारीमा पारदर्शिता र उत्तरदायित्वको अभाव देखिन्छ। वित्तीय अनुशासनको कमीले कतिपय संस्थामा विश्वास घटाएको छ। कानुनी, लेखा परीक्षण र अनुगमन प्रणाली अझ प्रभावकारी हुन बाँकी छ। सदस्यहरूको सहकारी शिक्षाको स्तर कम छ। राजनीतिक हस्तक्षेप र स्वार्थी समूहहरूको प्रभावले केही सहकारीको छवि बिगारेको छ। ऋण असुलीमा कठिनाइ, सदस्यहरूमा आर्थिक सचेतताको कमी आदि पनि प्रमुख चुनौती हुन्। बजारमा प्रतिस्पर्धी वातावरणमा टिक्न रणनीतिक सोच र व्यवसायिक योजना आवश्यक छ। सहकारीहरूबीच एकता र साझा आवाजको कमीले राष्ट्रिय स्तरमा प्रभाव घटाएको छ। प्रविधिको अपर्याप्त प्रयोगले दक्षता घटाएको छ।

सहकारी संस्थाको सुशासनका उपाय

पारदर्शी लेखा प्रणाली अनिवार्य रूपमा लागू गर्नुपर्छ। सदस्यहरूको नियमित बैठक र निर्णयमा समान सहभागिता सुनिश्चित गर्नुपर्छ। लेखापरीक्षण र आन्तरिक अनुगमन नियमित गर्नुपर्छ। सञ्चालक समितिको क्षमता विकासका लागि तालिम कार्यक्रम अनिवार्य हुनुपर्छ। सञ्चालक समिति सदस्यहरूले सहकारीको नीति र कानुनको पूर्ण पालना गर्नुपर्छ। नाफा भन्दा पनि उद्देश्य र सेवाभावलाई प्राथमिकता दिनुपर्छ। सदस्यको हित र संस्थाको दिगोपन दुवैमा सन्तुलन राख्नुपर्छ। सहकारीहरू बीचको सहकार्य र नेटवर्किङ प्रणाली बलियो बनाउनुपर्छ। डिजिटल रेकर्ड, अनलाइन कारोबार र मोबाइल बैंकिङ प्रणाली

लागू गर्नुपर्छ। नीति निर्माणदेखि कार्यान्वयनसम्म स्थानीय सदस्यहरूको आवाज समावेश गर्नुपर्छ।

सञ्चालक समितिको भूमिका

संस्थाको नीति, योजना र लक्ष्य स्पष्ट निर्धारण गर्नुपर्छ। सबै निर्णयहरूमा पारदर्शिता र जिम्मेवारी अपनाउनुपर्छ। संस्थाको आर्थिक स्थायित्वका लागि दीर्घकालीन रणनीति बनाउने जिम्मेवारी समितिकै हो। नयाँ सदस्य अभिवृद्धि, तालिम, सीप विकास र सहकारी शिक्षा प्रवर्द्धन गर्नुपर्छ। जोखिम व्यवस्थापन, ऋण असुली, लेखा परीक्षणमा सक्रिय रहनुपर्छ। समितिले सदस्यहरूको विश्वास जित्ने खालको व्यवहार र नेतृत्व देखाउनुपर्छ। सबै सदस्यलाई समान अवसर र व्यवहार दिनुपर्छ। आर्थिक अनियमितता हुन नदिन कठोर नीति अपनाउनुपर्छ। सहकारीको सम्पत्ति र प्रतिष्ठा जोगाउने जिम्मेवारी समितिकै हो। समयानुकूल सुधार र नवीनता ल्याउने नेतृत्व समितिबाटै सम्भव हुन्छ।

साधारण सदस्यहरूको भूमिका

संस्थामा सक्रिय सहभागिता आवश्यक छ। नियमित बचत, ऋण वापसी र बैठक सहभागिता सदस्यको दायित्व हो। सहकारीको नाफा मात्र होइन, यसको सामाजिक उद्देश्य बुझ्न जरुरी छ। सही निर्णयमा मतदान र सुझाव दिने संस्कार विकास गर्नुपर्छ। सहकारीका नीतिहरू बुझेर जिम्मेवार सदस्य बन्नुपर्छ। संस्थाको आचारसंहिता पालना गर्नुपर्छ। गलत अभ्यास वा दुरुपयोग देखेमा सचेत रूपले विरोध गर्नुपर्छ। नयाँ सदस्यहरूलाई सहकारी भावना सिकाउने भूमिका पनि साधारण सदस्यकै हो। सहकारीमा स्वामित्व र उत्तरदायित्वको भावना बढाउनुपर्छ। सामूहिक प्रयासमा सफलताको सूत्र लुकेको हुन्छ भन्ने बुझ्नुपर्छ।

ऋणी सदस्यहरूको भूमिका

ऋणको सही उपयोग गर्नु सहकारीप्रतिको सबैभन्दा ठूलो योगदान हो। समयमै ऋण तिर्ने बानी विकास गर्नुपर्छ। ऋणलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्नुपर्छ — उपभोगका लागि होइन। सहकारीलाई सहयोगी संस्थाको रूपमा हेर्नु सकारात्मक दृष्टिकोण हो। ऋणीले आफ्नो व्यवसायिक अनुभव साझा गरेर अरूलाई पनि प्रेरणा दिन सक्छ। सहकारीमा पुनःनिवेश गर्ने सोच विकास गर्नुपर्छ। ऋणी सदस्यहरू पनि सहकारी शिक्षा र तालिममा सहभागी हुनुपर्छ। गलत ऋण प्रयोगले संस्था मात्र होइन, समुदाय पनि प्रभावित हुन्छ भन्ने

बुझ्नुपर्छ। जिम्मेवार ऋणी बन्ने संस्कृति फैलाउन जरुरी छ। ऋणीको सफलता नै सहकारीको सफलता हो।

सहकारीको विकासका लागि सकारात्मक योगदानका उपायहरू

सबै सरोकारवालाबीच विश्वासको वातावरण बनाउनुपर्छ। सरकार, महासंघ र स्थानीय निकायबीच समन्वय बढाउनुपर्छ। सहकारी शिक्षा र तालिमलाई निरन्तरता दिनुपर्छ।
युवालक्षित सहकारी उद्यम विकास कार्यक्रम ल्याउनुपर्छ। महिला, दलित, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिलाई सहकारीमा सशक्त बनाउने नीति बनाउनुपर्छ। सहकारीका सफलता कथाहरू प्रचार गर्नुपर्छ। अनुसन्धान र तथ्याङ्क प्रणाली सुदृढ गर्नुपर्छ। सहकारी बीमा र लगानी कोष विस्तार गर्नुपर्छ। सहकारी मेला, प्रदर्शनी र गोष्ठीमार्फत सचेतना फैलाउन सकिन्छ। सहकारीलाई राष्ट्रिय नीति निर्माणमा सक्रिय सहभागी बनाउने आवश्यकता छ।

सहकारी र राष्ट्रिय अर्थतन्त्र

सहकारीले स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसँग जोड्ने पुलको काम गर्छ।
यो नेपालको आर्थिक स्वाधीनताको आधार हो। कृषिजन्य उत्पादन, साना उद्योग र सेवा क्षेत्रमा सहकारीले ठूला रोजगारी सृजना गरेको छ। विदेशी मुद्राको निर्भरता घटाउन सहकारीका उद्यमहरू महत्वपूर्ण छन्। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सहकारीको भूमिका बढाउन सकिन्छ। सहकारीमार्फत आन्तरिक पूँजी संकलनले बैंकिङ क्षेत्रलाई सुदृढ बनाउँछ। सहकारीहरू विकास योजनाका कार्यान्वयन सहयोगी बन्न सक्छन्। सहकारी क्षेत्रको नाफा स्थानीय विकासमा पुनःलगानी गर्न सकिन्छ। सहकारीले ग्रामीण गरिबी घटाउने प्रभावकारी उपकरणको रूपमा काम गरेको छ। सहकारीको सबलिकरण बिना आर्थिक समावेशीकरण सम्भव छैन।

सहकारीमा नेतृत्वको आवश्यकता

नैतिक, ईमानदार र दृष्टिवान् नेतृत्व नै सहकारीको मेरुदण्ड हो। नेतृत्वले साझा उद्देश्य सबै सदस्यलाई प्रेरित गर्नुपर्छ। स्वार्थ होइन, सेवाभावले काम गर्ने नेतृत्व चाहिन्छ। समयानुकूल सोच, प्रविधिको ज्ञान र पारदर्शी सोच अनिवार्य छ। महिला र युवालाई नेतृत्वमा ल्याउन सक्ने नीति निर्माण गर्नुपर्छ। नेतृत्वमा निरन्तरता र उत्तरदायित्व दुवै हुनुपर्छ। राष्ट्रव्यापी सहकारी सञ्जालको सशक्तीकरणमा सक्षम नेतृत्व आवश्यक छ। सहकारी नीतिहरूमा सुधारका लागि

सुझाव दिने क्षमतायुक्त नेतृत्व चाहिन्छ। जनताको विश्वास जित्ने नेतृत्व नै सहकारीको साँचो पूँजी हो। सहकारी नेतृत्वले राष्ट्र निर्माणमा सक्रिय भूमिका खेल्न सक्छ।

सहकारी र समाज

सहकारीले सामाजिक एकता र भाइचाराको भावना बलियो बनाएको छ। यसले स्थानीय विवाद समाधान र समुदाय विकासमा योगदान पुर्‍याएको छ। सहकारीमार्फत शिक्षामा लगानी, स्वास्थ्य बीमा, र विपद् व्यवस्थापनमा सहयोग सम्भव छ। सहकारीले सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत स्थानीय विकासमा लगानी गर्न सक्छ। सहकारीको नाफा मात्रै होइन, समाजको विकास पनि यसको लक्ष्य हो। सहकारीले गाउँ र शहरबीचको आर्थिक अन्तर घटाउन सहयोग पुर्‍याएको छ। सहकारीमा महिला सदस्यता बढ्नु सामाजिक सशक्तीकरणको संकेत हो। सहकारीका सफल उदाहरणहरूले समाजमा सकारात्मक सोच ल्याएका छन्। सहकारीले युवा पलायन घटाउन सहयोग गर्न सक्छ। सामाजिक न्याय र समान अवसरको अभ्यास सहकारी प्रणालीमै सम्भव छ।

सहकारी र प्रविधि

डिजिटल सहकारीको अवधारणा अब समयको आवश्यकता हो। मोबाइल एप, अनलाइन कारोबार र डिजिटल लेखा प्रणाली अपनाउनुपर्छ। प्रविधि प्रयोगले पारदर्शिता र दक्षता बढाउँछ। सहकारीमा ई–गभर्नेन्स प्रणाली लागू गर्न सकिन्छ। सदस्यहरूलाई अनलाइन प्रशिक्षण र सूचना पहुँच दिनुपर्छ। प्रविधि–मैत्री सहकारी भविष्यमा दिगो बन्न सक्छ।
डेटा सुरक्षामा पनि ध्यान दिन जरुरी छ। प्रविधि सहकारीमा युवाको आकर्षण बढाउने साधन हो। सहकारी क्षेत्रका नीति निर्माताहरूले डिजिटल सहकारी नीतिमा जोड दिनुपर्छ। प्रविधि प्रयोगले सहकारीलाई विश्वस्तरीय प्रतिस्पर्धामा ल्याउन सक्छ।

आगामी मार्गचित्र

सहकारीलाई आत्मनिर्भर, पारदर्शी र व्यवसायिक बनाउन रणनीतिक योजना आवश्यक छ। सहकारी शिक्षाको पाठ्यक्रम तयार पार्नुपर्छ। त्पादनमुखी सहकारीको विकासमा प्राथमिकता दिनुपर्छ। सहकारीका माध्यमबाट कृषि आधुनिकीकरणमा योगदान गर्न सकिन्छ। सहकारीले विपद् व्यवस्थापन र सामुदायिक बीमा प्रणालीमा पनि अग्रणी भूमिका खेल्न सक्छ। सहकारी र मिडियाबीच सहकार्यले सहकारी चेतना बढाउन सक्छ। सहकारीको लगानी कृषि, पर्यटन र पुनर्नवीकरणीय ऊर्जामा गर्न सकिन्छ। सहकारी

बैंक, महासंघ र स्थानीय सहकारीबीच एकीकृत नेटवर्क बनाउने आवश्यक छ। नीतिगत स्पष्टता र कानुनी स्थायित्वको सुनिश्चितता आवश्यक छ। सहकारीलाई राज्यको दीर्घकालीन आर्थिक नीतिको अङ्ग बनाइनुपर्छ।

निष्कर्ष

सहकारी केवल आर्थिक संस्था होइन, समाज परिवर्तनको माध्यम हो। यसको उद्देश्य नाफा होइन, साझा समृद्धि हो। सदस्य, सञ्चालक समिति र ऋणीहरू सबैको साझा जिम्मेवारीले मात्र सहकारी बलियो हुन्छ। आजको चुनौती पारदर्शिता, जवाफदेहिता र सीप विकासमा केन्द्रित हुनुपर्छ।

सहकारीहरूले विश्वास जित्न सके भने यसले नेपालको अर्थतन्त्रमा नयाँ अध्याय लेख्नेछ। सहकारीको भविष्य दिगो, समावेशी र सशक्त बनाउन सबै सरोकारवालाको एकता आवश्यक छ। राष्ट्रको समृद्धिमा सहकारीको भूमिका अझ प्रष्ट र सबल हुनुपर्छ। सहकारी आन्दोलनले सामाजिक रूपान्तरणको नयाँ इतिहास बनाउनेछ। हामी सबैको प्रयास र सहकार्यले मात्र सहकारीको सपना साकार हुन्छ। सहकार्य, आत्मनिर्भरता र साझा समृद्धिको बाटो नै सहकारीको वास्तविक गन्तव्य हो।

अन्त्यमा,

सहकारी केवल संस्था होइन — सोच हो। यो सोचले "सँगै मिलेर अघि बढ्ने" संस्कारलाई जगेर्ना गर्छ। सहकारीले नेपाली समाजलाई स्वावलम्बी बनाउने शक्ति बोकेको छ। हामी सबैले यो यात्रामा आफ्नो भागको जिम्मेवारी पूरा गर्नुपर्छ। सञ्चालकले ईमानदारी, सदस्यले निष्ठा र ऋणीले जिम्मेवारी देखाउनुपर्छ। तब मात्र सहकारी साँचो अर्थमा जनताको संस्था बन्न सक्छ। सहकारीको हरेक सफल कथा हाम्रो राष्ट्रिय गौरव हो। राष्ट्रको समृद्धिको यात्रा सहकार्यको बाटो हुँदै सम्भव छ। सहकारीमा विश्वास गरौं, सहकार्यमा जोड दिऔं। सहकारी नै समृद्ध नेपाल, सुखी नेपालीको आधार हो। सहकार्यमा विश्वास गरौं, पारदर्शितामा दृढ रहौं, उत्तरदायित्वमा अडिग बनौं, र सहकारीको माध्यमबाट समृद्ध नेपालको सपना साकार पारौं। सहकारी आन्दोलन हाम्रो साझा गौरव हो ,यसलाई सुदृढ, विश्वसनीय र दीगो बनाउन हामी सबै मिलेर अघि बढौं।

धन्यवाद।

जय सहकारी, जय नेपाल।

पुर्ण प्रसाद सुबेदी

व्यबस्थापक

एकीकृत बचत तथा ऋण सहकारी सस्था लिमिटेड

बर्दिबास १ महोतरी

सहकारी संस्था समुदायमा आधारित आर्थिक तथा सामाजिक विकासको महत्वपूर्ण माध्यम हो। यसले सदस्यहरूको सामूहिक बचत, लगानी र श्रमद्वारा साझा समृद्धिको लक्ष्य राख्दछ। हाल विश्वभर र नेपालमा पनि सहकारी क्षेत्र तीव्र रूपमा विस्तार हुँदै आएको छ। सहकारीहरूको संख्या बढ्दै जाँदा साना र समान उद्देश्य भएका संस्थाहरूबीच प्रतिस्पर्धा र स्रोतको विखण्डनका समस्या देखा परेका छन्। यस्ता समस्याको समाधानका रूपमा सहकारी संस्था एकीकरण (merger) लाई महत्वपूर्ण रणनीति मानिन्छ। सहकारी एकीकरण भन्नाले दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरूले आपसी सहमति र साझा उद्देश्यका आधारमा एकै संस्थामा रूपान्तरण हुनु हो। यसको उद्देश्य स्रोत, पूँजी, सदस्यता र सीपलाई एकीकृत गरी संस्थालाई बढी सक्षम, प्रभावकारी र दीगो बनाउनु हो। तर, यस प्रक्रियामा अवसरसँगै विभिन्न चुनौतीहरू पनि विद्यमान छन् ।

सबैभन्दा ठूलो चुनौती नेतृत्व र विश्वासको संकट हो। फरक सहकारीका नेतृत्वबीच पद, अधिकार सास्थाको नाम र निर्णय शक्तिमा विवाद आउन सक्छ। साथै, संस्थागत संस्कृति र कार्यशैलीको भिन्नता पनि ठूला अवरोध बन्छ। एक संस्थाको नियम, नीति र सदस्यहरूसँगको व्यवहार अर्कोभन्दा भिन्न हुँदा एकरूपता ल्याउन कठिन हुन्छ। त्यस्तै, सम्पत्ति र दायित्वको मूल्यांकन, लेखा प्रणाली मिलाउने प्रक्रिया, सदस्यहरूको असहयोग, तथा कर्मचारी ब्यबस्थापन पनि चुनौतीका रूपमा देखिन्छ। केही सदस्यले आफ्नो स्थानीय पहिचान गुम्ने डर वा असुरक्षा महसुस गर्न सक्छन्। साथै, सहकारी

ऐन, नियमावली र प्रशासनिक कार्यविधि जटिल भएकाले कानुनी अड्चनहरू पनि आउँन सक्छन ।

तर, यी चुनौतीहरूका बाबजुद सहकारी एकीकरणले धेरै अवसरहरू पनि ल्याउँछ। सबैभन्दा पहिला, पूँजी र स्रोत एकीकृत हुँदा संस्था आर्थिक रूपमा बलियो बन्छ। यसले ठूला परियोजना सञ्चालन गर्न, रोजगार सृजना गर्न र सदस्यलाई अझ बढी लाभ पुऱ्याउन सक्षम हुन्छ। साथै, सेवा पहुँच विस्तार हुन्छ, जसले ग्रामीणदेखि शहरी क्षेत्रसम्म समान पहुँच सुनिश्चित गर्न मद्दत गर्दछ ।

एकीकरण पछिको सहकारीले प्रशासनिक खर्च घटाएर दक्षता बढाउन, प्रविधि र सीप साझा गर्न र प्रतिस्पर्धात्मक लाभ हासिल गर्न सक्छ। ठूलो सहकारीले बजारमा बलियो प्रभाव जमाउन सक्छ र वित्तीय स्थायित्व कायम राख्न सजिलो हुन्छ। साथै ठूलो संस्थाले सदस्यहरूको बचतलाई सुरक्षित राख्दै दीर्घकालीन लगानीका अवसरहरू सिर्जना गर्न सक्दछ ।नियमनकारी निकाय हाल बर्दिबास नगरपालिकाको अभिलेख अनुसार बर्दिवास नगरपालिका भित्र १०६ वटा बिभिन्न विषयगत सहकारी सस्थाहरू रहेका छन् जस मध्य ३२ वटा सहकारी सस्थाहरू मात्र सक्रिय रहि कारोबार संचालन गरीरहेको अवस्था छ। यसरी ठुलो मात्रामा सहकारी सस्थाहरू निस्कृय रहनु र सक्रिय रहेका केहि सहकारी सस्थाहरूको वितिय अवस्था समेत सन्तोषजनक नदेखियको अवस्थामा एकीकरणमा जानु उतम उपाय हो ।

निष्कर्ष: सहकारी संस्था एकीकरण कुनै सामान्य प्रशासनिक प्रक्रिया होइन, यो एक रणनीतिक र रूपान्तरणात्मक प्रयास हो। सफल एकीकरणका लागि पारदर्शिता, सदस्यहरूबीच विश्वास, कानुनी स्पष्टता, दक्ष नेतृत्व र साझा दृष्टिकोण अपरिहार्य छन्। उचित योजना र आपसी सहकार्यका साथ गरिएको एकीकरणले सहकारी आन्दोलनलाई सुदृढ, प्रतिस्पर्धी र दीगो बनाउन मद्दत पुऱ्याउँदछ।

दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरुलाई बर्दिवास नगरपालिकाको सूचना

बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २२ ले कुनै व्यक्ति नगरपालिका भित्रका एउटै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन नपाउने व्यवस्था गरेको छ। यसर्थ, कसैले यस नगरपालिका भित्रको एउटै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्यता लिनु भएको भए तुरुन्त आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्थाहरुको सदस्यता अन्त्य गर्नुहुन अनुरोध छ। सहकारी संस्थाहरुले पनि आफ्ना सदस्यहरुलाई प्रस्तुत विषय अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ। अन्यथा कानून बमोजिम कारबाई गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी संस्थाहरुलाई बर्दिवास नगरपालिकाको सूचना

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सहकारी विभागबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संस्थाहरुलाई निर्देशन जारी गरिएको व्यहोरा विदितै छ। उक्त निर्देशन विभागको वेबसाइट www.deoc.gov.np बाट समेत प्राप्त गर्न सकिन्छ। उक्त निर्देशन अनुसार सहकारी संस्थाले आवश्यक व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ। साथै देहायबमोजिम गर्नु हुन समेत अनुरोध छः

- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सदस्यहरुको पहिचान गरी सदस्य पहिचान फारम (KYM) भराउनुहुन,
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी आन्तरिक नीति तथा कार्यविधि सारधारण सभाबाट पारित गरी लागु गर्नुहुन,
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यका लागि सञ्चालक समितिको निर्णयबाट कार्यान्वयन अधिकारी नियुक्ति गर्नुहुन,

- सहकारी संस्थाले अनिवार्य रुपमा नेपाल राष्ट्र बैङ्कमा रहेको वित्तीय जानकारी इकाईको goAML Software System मा आबद्ध भई सीमा कारोबार प्रतिवेदन (TTR), शंकास्पद कारोबार प्रतिवेदन (STR), र शंकास्पद गतिविधि प्रतिवेदन (SAR) पठाउनु हुन,
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानून तथा सहकारी विभागबाट जारी भएका निर्देशनहरुको पूर्ण पालना गर्नु हुन।

सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सम्बन्धी बर्दिवास नगरपालिकाको सूचना

सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सञ्चालनमा रहेको व्यहोरा सबैमा विदितै छ। सबै सहकारी संस्थाहरुले अनिवार्य रुपमा कोपोमिस प्रणाली प्रयोग गर्नुपर्ने व्यवस्था रहेपनि यस नगरपालिका मातहतका धेरै सहकारी संस्थाहरुले नियमितरुपमा कोपोमिसमा विवरणरहरु अध्यावधिक गरेको पाईएको छैन भने कतिपय कोपोमिस प्रणालीमै आबद्ध नरहेको देखिन्छ। हाल सम्म कोपोमिस प्रणालीमा आबद्ध नभएका सहकारी संस्थाहरुले तत्कालै यस नगरपालिकाबाट युजर नेम र पासवर्ड लिनु हुन सूचित गरिन्छ। साथै वित्तीय कारोबार, सदस्यको विवरण, मासिक त्रैमासिक र वार्षिक विवरण तथा अन्य प्रतिवेदनहरु कोपोमिस मार्फत नियमित रुपमा यस नगरपालिकामा पेश गर्नुहुन सहकारी संस्थाहरु समक्ष अनुरोध छ। अन्यथा कानून बमोजिम कारबाई गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

टोल छिमेक गाउँ सहर आयो संस्था मैत्री,
सवको हितको काम गर्ने हाम्रो संस्था मैत्री ।
सबै मजदुर किसान मिली बचत गर्ने गर्छौं,
दया माया गर्दै हामी सहकार्य गर्छौं ।
कृषि खेती उन्नत जातका पशु पाल्नलाई,
बचत गर्दै व्यापार गर्छौं धनी बन्नलाई ।

गरिब किसान हामी सबै माथि बढ्नलाई,
बचत गर्दै जम्मा गर्छौं खुशी हुनलाई।
टोल छिमेक गाउँ सहर आयो संस्था मैत्री,
सबको हित काम गर्ने हाम्रो संस्था मैत्री ।

मैत्री कृषि सहकारी संस्था लिमिटेड
बर्दिवास न.पा.४,महोत्तरी ।